नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

● वर्ष ४ ● अंक २१८ ● २०८३ साल असार १२ गते शुक्रबार ● Friday 26, June 2026 ● सूर्योदय: बिहान ०५:१३ बजे ● सूर्यास्त: साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## रास्वपाको गतिविधिमा हिन्दूजनको आपत्ति

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चितवनस्थित भरतपुरमा जारी प्रथम महाधिवेशनका क्रममा हिन्दु धर्मप्रतिको आस्थामा आँच पुग्ने गतिविधि भएको भन्दै पर्साका हिन्दु धर्मसँग सम्बन्धित सङ्घसंस्थाले आपत्ति जनाएका छन्।

राष्ट्रिय बजरङ्ग दल पर्सा र नेपाल विश्व हिन्दु महासङ्घ पर्साले बिहीबार पर्साका प्रमुख जिल्ला अधिकारी भोला

बाँकी पृष्ठ २ मा

# रास्वपाभित्र ल्याइएको संघीयतासम्बन्धी प्रस्तावले मधेशमा असन्तुष्टि



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जारी महाधिवेशनमा प्रस्तुत गरिएको संघीयता सम्बन्धी प्रस्तावले मधेशकेन्द्रित राजनीतिक दल र सरोकारवालाबीच व्यापक बहस र असन्तुष्टि सिर्जना गरेको छ।

विशेषगरी प्रदेश सभा खारेजी तथा संघीय संरचनाको पुनर्संरचना सम्बन्धी प्रस्तावलाई लिएर मधेशमा आलोचना चर्किएको हो।

रास्वपाका नेता तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले महाधिवेशनमा पेश गरेको 'अर्थ–राजनीति प्रस्तावना'मा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री बन्न नपाउने व्यवस्था, दलविहीन स्थानीय तह, हाल रहेका ७ सय ५३ स्थानीय तहमध्ये एकतिहाइ कटौती तथा प्रदेश सभा खारेजीसहित संघीयताको पुनर्संरचना गर्ने प्रस्ताव समेटिएको छ।

यही प्रस्तावले मधेशकेन्द्रित दलहरूलाई थप सशङ्कित बनाएको छ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीयता र लोकतान्त्रिक गणतन्त्रमाथि निरन्तर प्रहार हुँदै आएको दाबी गर्दै रास्वपाको प्रस्तावलाई आपत्तिजनक बताएका छन्।

उनले संघीयता सुदृढ बनाउने प्रतिबद्धतासहित जनमत प्राप्त गरेको दलले अहिले त्यसै व्यवस्थालाई कमजोर पार्ने प्रस्ताव ल्याउनु जनताको विश्वासविपरीत भएको टिप्पणी गरे। संघीयता विरोधी कुनै पनि गतिविधि स्वीकार्य नहुने र त्यसविरुद्ध राजनीतिक रूपमा प्रतिवाद गरिने उनले चेतावनी दिए।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि प्रदेशसभा खारेजीको अवधारणालाई अस्वीकार्य बताएका छन्। उनका अनुसार संघीयता केवल प्रशासनिक संरचना नभई जनताबाट निर्वाचित प्रतिनिधिमार्फत शासन सञ्चालन हुने संवैधानिक व्यवस्था हो। प्रदेशसभा हटाएर संघीयता कायम रहने तर्कलाई उनले भ्रामक व्याख्या भएको बताएका छन्।

रास्वपाका केही नेताले प्रदेश सरकार र प्रदेश सभाको पुनर्संरचनाको पक्षमा रहेको दाबी गरे पनि मधेशवादी दलहरूले त्यसलाई प्रदेश संरचना कमजोर बनाउने प्रयासका रूपमा व्याख्या गरेका छन्।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले प्रस्तावलाई एकात्मक सोचबाट प्रेरित भएको टिप्पणी गरेका छन्। उनका अनुसार संविधानले प्रदेशलाई दिएको अधिकारसमेत पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अवस्थामा प्रदेश सभा खारेजीको बहसले संघीय व्यवस्थामाथि नै प्रश्न उठाएको छ।

राष्ट्रिय मुक्ति पार्टीका महासचिव अनिल महासेठले पनि चुनावका बेला संघीयता सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको रास्वपाले अहिले फरक धारणा सार्वजनिक गर्नु विरोधाभासपूर्ण भएको बताए। उनले प्रधानमन्त्रीको मौनतालाई समेत अर्थपूर्ण रूपमा हेरिन थालेको उल्लेख गरे।

रास्वपाभित्रै पनि प्रस्तावप्रति एकमत देखिएको छैन।

संविधान संशोधनको बहस चलिरहेका बेला आएको यो प्रस्तावले संघीयताको भविष्य, प्रदेश संरचनाको आवश्यकता र राज्य पुनर्संरचनाबारे राष्ट्रिय राजनीतिक वृत्तमा नयाँ बहसको सुरुवात गरेको छ। मधेशकेन्द्रित दलहरूले भने संघीयताको मूल मर्म र उपलब्धिमाथि कुनै पनि प्रकारको हस्तक्षेप स्वीकार नगर्ने स्पष्ट संकेत दिएका छन्।

## लैनो भैँसी तस्करी हुन्छ ?



**मधेशदृष्टि**
**वीरगंज।**
बुधबार पर्साको जगरनाथपुर–१ पाण्डेपुरको सीमा इलाकामा भारतबाट ल्याइँदै गरेको भैँसी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। राति अबेर सशस्त्र प्रहरीले प्रसार गरेको सूचना अनुसार, अवैध रुपमा भन्सार छली ना३च १४६८ पिकअप गाडीमा लोड गरी नेपाल ल्याउँदै गरेको भैँसी नियन्त्रणमा लिइएको हो। १ लाख ४ हजार ६ सय रुपैयाँ बराबरको दुहुना भैँसी (पाडासहित) र १२ लाख रुपैयाँ बराबरको पिकअप गाडी बरामद गरिएको सशस्त्रका सूचना अधिकारी डिएसपी मोहनराज निरौलाले जारी गरेको सूचनामा भनिएको छ। पिकअप गाडी छाडेर गाडीमा रहेको व्यक्ति भारततर्फ भागेको भनिएको छ। भैँसी भन्सारमा बुझाइएको छ।

नेपाल भारत सीमामा यस्ता क्रियाकलाप भइरहन्छन्। दुवैतिर सम्बन्ध छ। तस्करी गर्ने भनेको के हो ? काजु, छोकडा, कपडा, तेल होला। अन्य उद्योगका कच्चा पदार्थ होला। लागुऔषध, जाली नोट होला। एउटा किसानले भारतमा केही सस्तो पर्छ भनेर ऋणपान गरेर भैँसी किनेर ल्याउँदा 'अवैध' र भन्सार छली भनेर जुन हर्कत भइरहेको छ, यसले सीमाका किसानहरु पिरोलिएका मात्रै छैनन्, विद्रोही पनि भइरहेका छन्।

सीमाबाट हुने तस्करीमा लैनाभैँसी पनि हालिनु राज्यको दृष्टिदोष हो। हुनसक्छ, १००–५० भैँसी, राँगो ल्याइएको हो भने तस्करी पक्का हो। तर एउटा गाडीमा भैँसी ल्याइँदा विना सोधपुछ सिधै भन्सार पठाइनु न्यायसंगत भएन कि ? पुरानाले त जनताका बारे बोलेनन्, पर्साबाट जितेका नयाँ भनिएकाहरुले पनि जनताका यस्ता संवेदशील विषयमा किन बोल्दैनन्। यदि तस्करीकै परिभाषामा पर्छ भने एउटा गाई, एउटा भैँसी ल्याउन जनतालाई सहज हुने कानुन बनाउनु पर्छ कि पर्दैन ? नत्र ऋणपान गरेर ल्याइएको लैनोभैँसीका कारण तस्करी करार भएका जनतामा छाउने असन्तुष्टि बढ्दै गए यसले अहिले त हतियारबन्द सशस्त्र र प्रहरीसँग केही नभन्लान्, यो विद्रोहचेतले पछि कुनै अप्रिय घटना त निम्त्याउँदैन ? सोचौँ, परिवर्तनले अहिलेसम्म सबै नेताका समस्या मात्र सम्बोधन भएका हुन्, जनताका समस्या ज्युँ का त्युँ छन्, लैनो भैँसी किन्दा तस्कर करार गरिने राज्यसंयन्त्रको त्रुटि सच्याउन जरुरी छ।

## जग्गाको न्यूनतम मूल्य पुनरावलोकन प्रक्रिया सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरी जिल्लामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने प्रक्रिया सुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक सूचना जारी गर्दै यस सम्बन्धमा सरोकारवाला निकाय, स्थानीय तह, व्यवसायी तथा नागरिकसँग राय, सुझाव र आवश्यक विवरण माग गरेको हो।

मालपोत नियमावली, २०३६ को नियम ५(ख) अनुसार भूमि प्रशासन कार्यालयहरूमा दर्ता हुने लिखतका लागि थैली अंक निर्धारण गर्न जग्गाको न्यूनतम मूल्य तोकिने व्यवस्था छ। सोही प्रावधानअनुसार जिल्लास्तरीय न्यूनतम मूल्य निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि जग्गाको मूल्य पुनरावलोकन प्रक्रिया अघि बढाएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार वास्तविक बजार अवस्था, स्थानगत विशेषता तथा समयअनुकूल मूल्याङ्कनलाई आधार बनाएर जग्गाको न्यूनतम मूल्यलाई यथार्थपरक, वस्तुगत र

बाँकी पृष्ठ २ मा

## प्रदेशसभा खारेज गर्ने रास्वपाको निर्णय फिर्ता लिन आजपाको माग

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चितवन महाधिवेशनबाट प्रदेशसभा खारेज गर्ने निर्णय फिर्ता लिन आम जनता पार्टी (आजपा)ले माग गरेको छ।

आजपा प्रवक्ता तिलक थापामगरले आज (बिहीबार) प्रेस विज्ञप्ति जारी गर्दै प्रदेशसभा खारेज गर्ने रास्वपाको निर्णयप्रति गम्भिर आपत्ति जनाएका छन्।

विविधता र असमानताले भरिएको नेपाली समाजमा संघीयता लामो त्याग, संघर्ष र बलिदानबाट प्राप्त भएको इतिहासलाई रास्वपाले नजरअन्दाज नगरोस भन्ने विशेष आग्रह आजपाले गरेकोछ।

'संघीयता कार्यान्वयनको सवालमा यसका संरचनालाई बलियो बनाउनुको साटो स्वेच्छाचारी ढंगले प्रदेशसभाको खारेज गर्ने प्रतिवेदन पारित गर्नु स्वयम रास्वपाको लागि पनि प्रत्यूत्पादक साबित हुनेछ। तत्काल रास्वपाले यो निर्णय फिर्ता लिई पूनरावलोकन गरोस भनी हाम्रो पार्टी विशेष आग्रह गर्दछ,' आजपा प्रवक्ता थापामगरले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। २१ फागुन २०८२ को निर्वाचनमा रास्वपाले गरेको राजनीतिक वाचाविपरित संघीयता नै खारेज गर्नेगरि पछि फर्कनु सर्वथा जनमतको अपमान भएको आजपाको ठहर छ।

'विगतमा पूराना दलले जे विकृत अभ्यास गर्दै आएका थिए, अहिले नयाँ र विकल्प दिन्छौं भन्ने रास्वपाले पनि जनमत लिने बेलामा एकथरि र जनमत लिनेबित्तिकै ठीक त्यसको विपरित निर्णय गर्नु जनादेशको अपमान र लोकतन्त्रको उपहास हो।

एकातिर चुनावमा संघीयता बलियो बनाउँछु भनेर सार्वजनिक प्रतिबद्धता गरेर जनमत बटुलेर सरकार बनाउने अनि एकसय दिनपनि नबित्दै जनमतलाई लत्याएर संघीयता पुनर्संरचनाको नाममा प्रदेशसभा खारेज गर्ने कुरा आपत्तिजनक छ,' विज्ञप्तिमा भनिएको छ। चुनावको क्रममा जातीय–क्षेत्रिय सेन्टिमेन्टको राजनीतिमार्फत भोट बटुलेको रास्वपाले अहिले एकाएक प्रदेशसभा खारेज गर्ने गैरजिम्मेवार प्रस्ताव पारित गरेर राष्ट्रिय राजनीतिमा नयाँ द्वन्द्व सिर्जना गरेको आजपाले जनाएको छ।

रास्वपाका पछिल्ला निर्णय र कदम नियाँल्दा देशलाई निकास दिनेभन्दापनि असहज बनाउने षड्यन्त्रमा लागेको आजपाले जनाएको छ। 'राईट–टु–रिकलको मान्यता बोकेको र नयाँ गर्छु भनेर विश्वास दिलाएको एक जिम्मेवार दलले यसरी खुलेआम जनादेशको विरुद्ध जाँदा सार्वजनिक पदमा बस्न मिल्छ कि मिल्दैन ? अहिले गम्भीर नैतिक प्रश्न खडा भएको छ,' विज्ञप्तिमा भनिएको छ।







# पूर्वाधार निर्माणमा धवलागिरिको फड्को



**म्याग्दी।**
म्याग्दीको धवलागिरि गाउँपालिकाले भवन पूर्वाधार निर्माणमा फड्को मारेको छ । साबिकको मुना गाविसको भवनमा तला र कोठा थप गरी सेवा प्रवाह गर्दै आएको गाउँपालिकाले आफ्नै प्रशासकीय भवन निर्माणलाई अन्तिम चरणमा पु¥याएको छ ।
धवलागिरि(३ घट्टेखोलामा स्थानीयबाट १४ रोपनी जग्गा निःशुल्क प्राप्त भएपछि गाउँपालिकाले सङ्घीय सरकारसँगको साझेदारीमा प्रशासकीय भवन निर्माणको योजना अघि बढाएको थियो।
आर्थिक वर्ष २०७९/८० देखि निर्माण सुरु भएको उक्त भवनको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । चालु आर्थिक वर्षको अन्त्यसम्म सम्पूर्ण निर्माण सम्पन्न गर्ने तयारी गरिएको बताउँदै उनले हालसम्म करिब ९० प्रतिशत भौतिक प्रगति हासिल भएको जानकारी दिए।
प्रतिष्ठा–जुम्ली–माछापुच्छ्रे जेभीसँग सात करोड ७१ लाख ८९ हजार ६६६ मा ठेक्का सम्झौता भएको थियो । निर्माण सामग्रीमा भएको मूल्य वृद्धि तथा सङ्घीय सरकारले भुक्तानी कर तिर्नुपर्ने दायित्वको रकम आउन ढिलाइ हुँदा निर्माण प्रभावित हुँदै आएको ठेकेदार कम्पनीले जनाएको छ।
निर्माण व्यवसायीलाई करिब तीन करोड भुक्तानी दिन बाँकी रहे पनि चालु आवको हालसम्म सङ्घीय सरकारबाट ६० लाख मात्रै बजेट आएको उल्लेख गर्दै थप बजेट प्राप्तिका लागि निरन्तर पहल भइरहेको प्रशासकीय अधिकृत शर्माले जानकारी दिए।
अन्तिम पटक थप भएको समयसीमाभित्रै काम सम्पन्न गराउनका लागि निर्माण व्यवसायीलाई ताकेता गरिरहेका छौँ । चालु आवमा भवनको पूर्वाधार निर्माण सकिएमा आगामी आवको असोजरकात्तिकसम्म फर्निचरसहित अन्य पूर्वाधार व्यवस्थापन सकेर यही भवनबाटै सेवा प्रवाह सञ्चालन गराउने गरी काम भइरहेको छ, उनले भने।
म्याग्दीका पाँच गाउँपालिकामध्ये प्रशासकीय भवन बनाउने पहिलो बनेको धवलागिरिको तीनतले भवनमा २७ वटा कोठा, एक(एक वटा सभाहल र बैठक कक्ष हुनेगरी पूर्वाधार निर्माण भइरहेको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलले बताए।
गाउँपालिकाको प्रशासकीय भवनसँगै वडा कार्यालय, स्वास्थ्य चौकी भवन, सामुदायिक भवनहरू निर्माणले तीव्रता पाएका उनको भनाइ छ । धवलागिरि–७ ताकममा पाँच शय्या क्षमताको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको पूर्वाधार शाखा प्रमुख रावलले जानकारी दिए । उनका अनुसार गुर्जा, मल्कबाङ, मुना र मुदीमा स्वास्थ्य चौकीका नयाँ भवन निर्माण भएका छन् । लमसुङ र मराङमा यसअघि नै स्वास्थ्य चौकीको भवन निर्माण भएका थिए।
सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि वडा कार्यालयको भवन निर्माणलाई समेत जोड दिइएको रावलले बताए। धवलागिरि–२, वडा नं ४ मुदी, वडा नं ६ मराङ र वडा नं ७ ताकममा वडा कार्यालयको नयाँ भवन निर्माण भइसकेको जनाउँदै पूर्वाधार शाखा प्रमुख रावलले वडा नं ५ मल्कबाङमा गाउँपालिकाले निर्माण गरेको बहुउद्देश्यीय सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको बताए।
विद्यालय र अन्य निकायको साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएकामा वडा कार्यालयको आफ्नै भवन निर्माण भएपछि सेवा प्रवाह सहज भएको धवलागिरि–४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताए । गाउँपालिकाले गुर्जामा वडा कार्यालयको भवन निर्माणको योजना बनाएको छ।
धवलागिरि गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विद्यालय भवन, खेलमैदान, सामुदायिक स्वास्थ्य एकाइलगायत भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने जनाएको छ। रासस

# दिगो कृषि तथा खाद्य प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन चितवनमा




**चितवन।**
नेपालको कृषि तथा खाद्य प्रणालीलाई दिगो, समावेशी, जलवायु उत्थानशील र भविष्यउन्मुख बनाउने उद्देश्यका साथ चितवनको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयमा बिहिबार देखि तीन दिने राष्ट्रिय सम्मेलन सुरु हुने भएको छ । विश्वविद्यालयअन्तर्गतको अनुसन्धान तथा प्रसार निर्देशनालयको आयोजनामा आजदेखि सुरु भई यही असार १३ गतेसम्म 'दिगो कृषि तथा खाद्य प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन' सञ्चालन हुन लागेको हो।
आयोजक समितिका संयोजक प्राडा निराजन भट्टराईका अनुसार तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा कृषि रूपान्तरण, खाद्य तथा पोषण सुरक्षा, जलवायु अनुकूलन, प्राकृतिक स्रोत व्यवस्थापन, पशु चिकित्सा, एक(स्वास्थ्य, चक्रीय अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता तथा डिजिटल कृषि र सामाजिक समावेशीकरण जस्ता बहुआयामिक विषयहरूमा गहन छलफल र बहस हुनेछ।
सम्मेलनमा २० वटा प्रमुख आमन्त्रित प्रस्तुति, ७० वटा मौखिक अनुसन्धान प्रस्तुति र ४६ वटा पोस्टर प्रस्तुतिहरू समावेश हुने उनले जानकारी दिए । सम्मेलनमा नेपालको दिगो खाद्य प्रणाली रूपान्तरण र लैङ्गिक समानता र कृषि(पारिस्थितिकीय प्रणालीमार्फत समावेशी खाद्य प्रणाली रूपान्तरणसम्बन्धी विशेष सामूहिक सत्रहरू सञ्चालन गरिने प्राडा भट्टराईले उल्लेख गरे।
यसैगरी, विश्वविद्यालयको व्यवसाय विकास केन्द्र (बिजनेस इन्क्युबेसन सेन्टर) द्वारा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त १३ वटा विद्यार्थी समूहका नवप्रवर्तनशील स्टार्टअपहरूको विशेष प्रदर्शनीसमेत गरिनेछ । प्राडा भट्टराईले कला र सामाजिक चेतनालाई कृषिसँग जोड्न चितवनको प्रख्यात रङ्गमञ्च 'कर्मी चौतारी' द्वारा पहिलो दिनको अन्तिम सत्रमा विशेष नाटक मञ्चन गरिने बताए।
विश्वविद्यालयका रजिष्ट्रार प्राडा सुवीर सिंहले नेपालको कृषि क्षेत्रले हाल जलवायु परिवर्तन, प्राकृतिक स्रोतको क्षय, श्रमिकको अभाव, युवा पलायन र खाद्य असुरक्षालगायत गम्भीर चुनौतीहरू भोगिरहेको उल्लेख गर्दै यी समस्याहरू केवल उत्पादन वृद्धि गरेर मात्र समाधान हुन नसक्ने बताए। सम्पूर्ण कृषि तथा खाद्य प्रणालीलाई दिगो, समावेशी र उत्थानशील बनाउनु आजको आवश्यकता रहेको उनको भनाइ छ।
रजिष्ट्रार सिंहले भने, यो सम्मेलन केवल अनुसन्धान प्रस्तुत गर्ने औपचारिक कार्यक्रम मात्र नभई नेपालको कृषि र खाद्य प्रणालीको भविष्यका बारेमा साझा दृष्टिकोण निर्माण गर्ने राष्ट्रिय मञ्च हो । उनले यस प्रकारको सम्मेलनबाट विश्वविद्यालय, सरकार, निजी क्षेत्र, विकास साझेदार र कृषकहरूलाई एउटै थलोमा ल्याएर ज्ञान, नीति र अभ्यासलाई जोड्दै यसले नेपालको दिगो विकास लक्ष्य प्राप्ति र कृषि रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।
सम्मेलनमा सङ्घीय सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद्, विभिन्न विश्वविद्यालय, विकास साझेदार संस्था, निजी क्षेत्र, कृषक समूह र विद्यार्थी स्टार्टअपहरूका प्रतिनिधिहरू गरी करिब ४०० जनाको सहभागिता रहने आयोजकले जनाएको छ।
सम्मेलनको सह–आयोजकमा नेपाल सरकारको कृषि, वन तथा वातावरण मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन, हेफर इन्टर्नेसनल नेपाल, केयर नेपाल र वेल्टहङ्गरहिल्फे रहेका छन् । विश्वविद्यालयका उपकुलपति प्रा डा होमबहादुर बस्नेतको अध्यक्षता तथा मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रको प्रमुख आतिथ्यतामा सम्मेलन सम्पन्न हुने आयोजक समितिका संयोजक प्राडा भट्टराईले जानकारी दिए। रासस

# बजेटमा कृषि, स्वास्थ्य र पूर्वाधारका क्षेत्रलाई प्राथमिकता

**वीरगंज।**
वीरगंज महानगरपालिकाले कृषि क्षेत्रको आधुनिकीकरणलाई प्राथमिकता दिएको छ।
महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३÷ ८४ मा कृषि विविधीकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गर्ने बताएका छन्।
महानगरपालिकाले मुख्य खाद्यान्न बाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्वका साथ निरन्तरता दिने पनि प्रतिबद्धता व्यक्त गरेको छ।
कार्यवाहक नगर प्रमुख आलमल जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण कार्यक्रम' सञ्चालन गरिने उल्लेख गरे । नीति तथा कार्यक्रममा भनिएको छ, 'कृषि पेसाको विविधीकरण, व्यवसायीकरण र कृषकको आत्मसम्मान अभिवृद्धि गर्न असार १५ लाई धान दिवसको रूपमा मनाउँदै प्राविधिक साक्षरता विस्तार गरिनेछ ।' महानगरपालिकाले 'नश्ल सुधार र आकस्मिक उपचारः पशुपालनमा वीरगंजको नयाँ पूर्वाधार' नारालाई आत्मसात् गर्दै निःशुल्क पशु सेवा उपचार कार्यक्रम तथा महामारीजन्य र आकस्मिक रोग निवारणका लागि आवश्यक औषधि खरिद र वितरणको न्यायपूर्ण प्रबन्ध पनि मिलाउने भएको छ।
त्यसैगरी आधुनिक प्रविधिमार्फत पशु सेवा क्षेत्रको सुदृढीकरण गर्न पोर्टेबल (अल्ट्रासाउन्ड) मेसिन, भेटेरिनरी ल्याब सामग्री र सर्जिकल सामग्री खरिद गरी निदान प्रणालीलाई विश्वसनीय बनाउँदै व्यावसायिक पशुपालनलाई प्रवद्र्धन गर्न कृत्रिम गर्भाधारण कार्यक्रमलाई नगरव्यापी रूपमा विस्तार गर्ने महानगरले जनाएको छ। 'सफा नाला, स्वस्थ सहरः लामखुट्टे मुक्त वीरगंजको रहर' नारालाइ आत्मसात् गर्दै वर्षातको समयमा हुने डुबान समस्या समाधानका लागि नाला सफाइ कार्यलाई प्राथमिकता दिने महानगरको योजना छ । नाला सफाइमा संलग्न सफाइकर्मीको व्यावसायिक स्वास्थ्य सुरक्षाका लागि सुरक्षात्मक उपकरण उपलब्ध गराउने पनि महानगरको योजना छ।
'सहरी क्षेत्रमा डेङ्गु, औलोजस्ता घातक रोगहरूको प्रकोप नियन्त्रणका लागि उच्च गुणस्तरीय औषधि खरिद, स्प्रे र फगिङ मेसिनहरूको व्यवस्थापन गरी लामखुट्टे नियन्त्रणलाई प्रभावकारी बनाइने र त्यस कार्यका लागि दैनिक ज्यालादारी कामदार परिचालन गरी नगरव्यापी अभियान चलाइने' विषय नीति तथा कार्यक्रममा उल्लेख छ । सार्वजनिकस्थल र सडक किनारका अनावश्यक झारपात न्यूनीकरणका लागि सुरक्षित केमिकल तथा जैविक विधिहरू प्रयोग गरी व्यस्थित सहरीकरणको अवधारणा अवलम्बन गर्ने महानगरपालिकाले जनाएको छ।
महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य क्षेत्रमा रहेको योगदानको उच्च कदर गर्दै उनीहरूको क्षमता अभिवृद्धि, सामाजिक सुरक्षा तथा प्रोत्साहन सुविधामा निरन्तरता दिने कार्यवाहक प्रमुख आलमले बताए। उनले मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरण गर्न सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरूलाई आवश्यक उपकरण, दक्ष जनशक्ति तथा एम्बुलेन्स सेवासहित सुविधा सम्पन्न बनाउँदै सुत्केरी आमा, नवजात शिशु, ज्येष्ठ नागरिक तथा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि सामुदायिक नर्सिङ तथा घरदैलो स्वास्थ्य सेवा कार्यक्रम विस्तार गरिने पनि बताए।

# जग्गाको न्यूनतम मूल्य...

व्यवहारिक बनाउने उद्देश्य राखिएको छ । यसका लागि विभिन्न पक्षबाट प्राप्त सुझाव तथा विवरणको अध्ययन गरी कानुनअनुसार मूल्य निर्धारण गरिने जनाइएको छ ।कार्यालयले जिल्लाभित्रका सबै स्थानीय तहलाई आगामी असार २२ गतेभित्र आवश्यक राय, सुझाव तथा तथ्यगत विवरण उपलब्ध गराउन अनुरोध गरेको छ । प्राप्त सुझावका आधारमा जग्गाको मूल्य निर्धारणलाई थप वैज्ञानिक र व्यवहारिक बनाइने विश्वास गरिएको छ ।जिल्ला प्रशासन कार्यालयले भूमि कारोबारसँग सम्बन्धित व्यवसायी, स्थानीय जनप्रतिनिधि, जग्गाधनी तथा सर्वसाधारण नागरिकलाई समेत सक्रिय रूपमा सुझाव दिन आग्रह गरेको छ । प्रशासनका अनुसार यस प्रक्रियाले जिल्लाभित्र हुने जग्गा किनबेच तथा रजिष्ट्रेशन कार्यलाई थप पारदर्शी बनाउनुका साथै सरकारी मूल्य र बजार मूल्यबीचको अन्तरलाई कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। भूमि प्रशासनसँग सम्बन्धित सरोकारवालाहरूले जग्गाको न्यूनतम मूल्य निर्धारण प्रक्रिया यथार्थपरक भएमा राजस्व संकलन, कारोबार व्यवस्थापन तथा भूमि बजारको विश्वसनीयता बढ्न सक्ने बताएका छन्।

# रास्वपाको गतिविधिमा हिन्दूजनको...

दाहाललाई संयुक्त रूपमा ज्ञापनपत्र बुझाउँदै घटनामा संलग्न व्यक्तिमाथि कानुन अनुसार कारबाही माग गरेका हुन् । ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाइएको छ । ज्ञापनपत्रमा रास्वपाको महाधिवेशनस्थलमा वीरगंजबाट सहभागी महबुब आलमसहित केही उत्सृङखल व्यक्तिले हिन्दुहरूको धार्मिक आस्थामा प्रहार गर्दै पवित्र काँवरलाई महाधिवेशन स्थलमा प्रदर्शन गरेको साथै हिन्दु आश्थाका केन्द्र विन्दु भगवान् श्रीराम र लक्ष्मणजीलाई रास्वपा सभापति रवि लामिछाने र बरिष्ठ नेता तथा प्रम बालेन्द्र शाहसँग तुलना गरेर सनातन हिन्दु धर्म र आस्थालाई होच्याएको आरोप लगाइएको छ।
दुवै सङ्गठनले यो कार्यलाई हिन्दु धर्मावलम्बीहरूको धार्मिक भावनामाथि चोट पुग्ने, अमर्यादित तथा निन्दनीय गतिविधि भएको बताएका छन् । राजनीतिक व्यक्तित्वको महिमामण्डन गर्न करोडौँ हिन्दुहरूको आस्थाका केन्द्र भगवाको नाम र स्वरूपलाई प्रयोग गर्नु अनुचित भएको ज्ञापनपत्रमा उल्लेख छ। सङ्गठनहरूले धार्मिक आस्थाको सम्मान गर्न, राजनीतिक प्रचार वा व्यक्तिगत स्वार्थका लागि आराध्य देवताको नाम तथा प्रतीकको दुरुपयोग नगर्न र घटनामा संलग्न व्यक्तिहरूले सार्वजनिक रूपमा माफी माग्नुपर्ने माग गरेका छन्। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले विषयलाई गम्भीरतापूर्वक लिएको बताएका छन्।

# ११ महिनामा दुई खर्ब २१ अर्ब रुपैयाँ राजस्व सङ्कलन

**वीरगंज।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा दुई खर्ब २१ अर्ब ७८ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ।
कार्यालयले चालु आवमा दुई खर्ब ४९ अर्ब १९ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो।
तर,सो अवधिमा भने लक्ष्यको ८९ प्रतिशत मात्रै राजस्व सङ्कलन गरेको हो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको ११ महिनामा राजस्व सङ्कलन उत्साहजनक भएको दाबी गरे।
'कार्यालयले गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आवको ११ महिनाको अवधिमा नौ प्रतिशत बढी अर्थात १७ अर्ब ९७ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ,' उनले भने। कार्यालयले गत आवको ११ महिनामा भने दुई खर्ब तीन अर्ब ८१ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।
भन्सार विभागले कार्यालयलाई वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । कार्यालयले चालु आवको साउनमा १८ अर्ब ४४ करोड रुपैयाँ, भदौमा २० अर्ब ७४ करोड रुपैयाँ, असोजमा १९ अर्ब नौ करोड रुपैयाँ, कात्तिकमा १७ अर्ब ३३ करोड रुपैयाँ, मङ्सिरमा २० अर्ब ८० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।
पुसमा २० अर्ब २० करोड रुपैयाँ, माघमा १८ अर्ब ९२ करोड रुपैयाँ, फागुनमा १९ अर्ब ३४ करोड रुपैयाँ र चैतमा २२ अर्ब ८२ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले वैशाखमा २१ अर्ब ७४ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ। जेठ महिनामा २२ अर्ब ३२ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ।
कार्यालयका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा वीरगंज नाका हुँदै आठ खर्ब ९० अर्ब सात करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको छ।
गत आवको ११ महिनाको अवधिमा भने सात खर्ब ७० अर्ब मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । चालु आवको ११ महिनामा यो नाका हुँदै ९९ अर्ब ६६ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान विदेशीमुलुक निर्यात भएको छ । गत आवको ११ महिनामा भने ९६ अर्ब ७२ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको थियो।

# दैव दाहिने नपरेपछि.....

**मधेशदृष्टि**
**वीरगंज।**
मान्छेको जूनी न हो, सधैँ दैव दाहिना नहुन सक्छन् । यस्तै भएको छ वीरगंजका एक युवाका लागि । वीरगंजका युवाको म्याग्दीमा ज्यान गएको छ। वीरगंज महानगरपालिकाका २३ वर्षीय सोहिल मियाको मृत्यु भएको हो।
सडकमा थुप्रिएको ढुङ्गा पन्छाउने क्रममा ढुंगाले लागेर उनको मृत्यु भएको हो । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडकमा १२ घण्टापछि यातायात सेवा सञ्चालन हुँदा मियाको ज्यान गएको छ।
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ महभिरमा बुधबार राति विद्युतीय गाडीमाथि ढुङ्गा खसेर च्यापिँदा मुस्ताङस्थित कोरला नाकाबाट विद्युतीय गाडी चलाएर पोखरातर्फ जाँदै गरेका मियाको ज्यान गयो।
विस्फोटक पदार्थको प्रयोग गरेर फराकिलो बनाउने काम भइरहेको सडकमा गुडिरहेको अवस्थामा ढुङ्गा खसेर गाडीभित्र एक्लै रहेका मिया च्यापिएका थिए। सुरक्षाकर्मीको टोलीले अचेत अवस्थामा उद्धार गरेर प्रदेश अस्पताल बेनीमा ल्याइएका मियालाई चिकित्सकले राति मृत घोषणा गरेको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताए।

# सीमा क्षेत्र र सीमा स्तम्भको अनुगमन

**गोरखा।**
उत्तरी गोरखाको सामागाउँ र साम्दोस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी (बिओपी) को संयुक्त टोलीले नेपाल–चीन सीमा स्तम्भ तथा सीमा इलाकाको संयुक्त अनुगमन गरेको छ।
चुमनुब्री गाउँपालिका–१ साम्दोमा रहेको बिओपीका सशस्त्र प्रहरी, प्रहरी चौकी सामागाउँका नेपाल प्रहरी, जनप्रतिनिधि र अन्य स्थानीयवासीको संयुक्त टोलीले बुधबार रुइला नाका र त्यहाँ रहेको ३५ नम्बर सीमा स्तम्भ क्षेत्रको अवलोकन हो।
प्रहरी निरीक्षक आकाश सूचीकारको नेतृत्वमा सामागाउँ प्रहरी चौकीका प्रहरी, वडा सदस्य पासाङ लामा, साम्दो, सामागाउँ र स्याला गाउँका स्थानीयवासीको टोलीले त्यस क्षेत्रको अनुगमन गरेको सशस्त्र प्रहरी गोरखा गुल्मका प्रमुख डिएसपी ढलप्रसाद काफ्लेले जानकारी दिए । उक्त टोलीले समयसमयमा त्यस क्षेत्रको निरीक्षण गरी शान्ति सुरक्षालगायत विषयमा जानकारी हासिल गर्दै आएको छ।



साम्दोस्थित बिओपीले ग्याला नाका, रुइला नाका र लाजुन नाका क्षेत्रमा सुरक्षा गर्दै आएको छ । छेक्या र बाजु क्षेत्रमा लामो समयदेखि बिओपी स्थापना गर्ने भनिए पनि हालसम्म स्थापना हुन सकेको छैन। रासस

# पकाहामैनपुर गाउँपालिकाको बजेट ३५ करोड २४ लाख




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकाहामैनपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३५ करोड २४ लाख ७५ हजार रुपैयाँ बराबरको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको १५औँ गाउँसभामा नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरिएको हो । गाउँसभा बैठकमा उपाध्यक्ष सर्फुनेशा खातुनको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले आगामी आर्थिक वर्षको आय–व्यय अनुमान प्रस्तुत गरेका थिए । बजेटले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, युवा रोजगार तथा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको जनाएको छ । गाउँपालिका अध्यक्ष सुरेश मेहताले स्थानीय आवश्यकता र विकासका लक्ष्यलाई ध्यानमा राखेर नीति तथा कार्यक्रम तयार गरिएको बताउँदै कृषि उत्पादन वृद्धि, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार, युवाका लागि रोजगारीका अवसर सिर्जना तथा पूर्वाधार विस्तारमा विशेष जोड दिइएको जानकारी दिए । उनको अध्यक्षतामा सम्पन्न गाउँसभामा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूले आगामी वर्षको नीति तथा कार्यक्रम सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा उपाध्यक्ष सर्फुनेशा खातुन, प्रमुख प्रशासकीय अधिकृत देवनाथ साह, पूर्व गाविस अध्यक्ष नसुरल्लाह मियाँ, विभिन्न वडाका अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय अगुवाहरूको उपस्थिति रहेको थियो । त्यसैगरी गाउँपालिका कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी, बुद्धिजीवी तथा अन्य सरोकारवालाको समेत सहभागिता रहेको गाउँसभामा आगामी आर्थिक वर्षका विकास योजनाबारे छलफल गरिएको थियो । गाउँसभाको सञ्चालन शिक्षा शाखा प्रमुख दामोदर दुबेदीले गरेका थिए ।

# पोखरिया नगरपालिकाले ल्यायो ४८ करोड ५१ लाखको बजेट

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४८ करोड ५१ लाख ८० हजार रुपैयाँ बराबरको अनुमानित बजेट सार्वजनिक गरेको छ । बुधबार सम्पन्न ११औँ नगरसभामा नगरपालिकाको नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरिएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेखर कोइरालाले नगरसभामा बजेट प्रस्तुत गर्दै स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, पर्यटन, सिँचाइ, भौतिक पूर्वाधार, महिला तथा बालबालिका सशक्तीकरण, खेलकुद र ज्येष्ठ नागरिक कल्याणलाई प्राथमिकतामा राखिएको जानकारी दिए । नगरसभाको उद्घाटन गर्दै नगरप्रमुख प्रद्युम्नप्रसाद चौहानले पछिल्ला वर्षहरूमा पोखरियाले विकास निर्माणका क्षेत्रमा




उल्लेखनीय प्रगति हासिल गरेको दाबी गरे । उनले नगर क्षेत्रमा धार्मिक, शैक्षिक, स्वास्थ्य तथा प्रशासनिक पूर्वाधार विस्तारका महत्वपूर्ण कामहरू अघि बढिरहेको बताए । उनका अनुसार पोखरियामा शिव मन्दिर निर्माण, प्रादेशिक अस्पताल स्थापना, मालपोत कार्यालय र नापी कार्यालय सञ्चालनका कार्य सम्पन्न भइसकेका छन् । त्यस्तै पोखरिया उच्च माध्यमिक विद्यालयको भवन निर्माण तथा महोबनी माध्यमिक विद्यालयको भवन निर्माण कार्य पनि अघि बढिरहेको उनले जानकारी दिए । नगरप्रमुख चौहानले इलाका प्रशासन कार्यालय स्थापनाका लागि पहल भइरहेको र नगर विकास परियोजनाअन्तर्गतका कामले गति लिइसकेको उल्लेख गर्दै निकट भविष्यमा जग्गाधनीलाई लालपुर्जा वितरण गर्ने वातावरण बन्ने विश्वास व्यक्त गरे । राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि र कर्मचारीबीचको समन्वयका कारण विकास निर्माणका काम प्रभावकारी रूपमा अघि बढेको दाबी गर्दै उनले पोखरियाको समग्र विकासका लागि सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याए । जिल्लाकै दोस्रो सदरमुकामका रूपमा परिचित पोखरियालाई व्यवस्थित र विकसित नगरका रूपमा स्थापित गर्ने लक्ष्य रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कोइरालाले नगरपालिकाको विकास यात्रालाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीबीच सहकार्य तथा समन्वय आवश्यक रहेको बताए । नगरसभा कार्यक्रममा विभिन्न वडाका जनप्रतिनिधि, कार्यपालिका सदस्य, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# मारवाडी सेवा समितिद्वारा जल तथा जुस वितरण



**मधेशदृष्टि**
**बारा।**
पवित्र एकादशी पर्वको पावन अवसरमा मारवाडी सेवा समिति, कलैयाले व्रतालु तथा सर्वसाधारणका लागि निःशुल्क जल तथा जुस वितरण गरेको छ । भीषण गर्मी र एकादशीको कठोर व्रत बसेका व्रतालुहरूलाई राहत पुऱ्याउने उद्देश्यले समितिले कलैयाको मुख्य चोकमा स्टल राखेर शुद्ध पिउने पानी, चिसो सर्बत र फलफूलको जुस वितरण गरेको हो । बिहानैदेखि सुरु भएको कार्यक्रममा सयौंको संख्यामा रहेका व्रतालु, सर्वसाधारण तथा बटुवाहरूले सेवा लिएका थिए । गर्मीको समयमा मारवाडी सेवा समितिले गरेको यस मानवीय कार्यको स्थानीयबासी र व्रतालुहरूले उच्च प्रशंसा गरेका छन् । गर्मीमा एकादशीको व्रत बसेकाहरूका लागि यो सेवा निकै सराहनीय भएको प्रतिक्रिया आएको कार्यक्रमका व्यवस्थापन प्रमुख बंजरंग गोयलले जानकारी दिए । मारवाडी सेवा समिति कलैयाका प्रतिनिधिका अनुसार समितिले धार्मिक तथा सामाजिक अवसरहरूमा विगतदेखि नै यस्ता परोपकारी कार्यहरू गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने बताइएको छ । कार्यक्रम सफल पार्न समितिका पदाधिकारी, युवा सञ्जाल तथा स्थानीय स्वयंसेवकहरूको उल्लेख्य सहभागिता थियो । 'सामाजिक सेवा नै मारवाडी सेवा समितिको मुख्य उद्देश्य हो, एकादशीजस्तो पवित्र दिनमा व्रत बसेका दाजुभाइ तथा दिदीबहिनीहरूलाई थोरै भए पनि राहत मिलोस् भनेर हामीले यो सानो प्रयास गरेका हौं,' संस्थाका अध्यक्ष आयुष शर्माले भने ।

# जीतपुर सिमरा उद्योग वाणिज्य संघमा शपथ तथा पदभार

**मधेशदृष्टि**
**बारा।**
जीतपुर–सिमरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष गजेन्द्रकुमार गुप्तासहित पदाधिकारी तथा सदस्यको शपथ तथा पदभार ग्रहण भएको छ । बिहीबार संघको कार्यालयमा आयोजित कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरूले शपथ ग्रहण गर्दै औपचारिक रूपमा पदभार सम्हालेका हुन् । शपथ तथा पदभार ग्रहण गर्ने पदाधिकारीहरूमा अध्यक्ष गुप्तासहित वरिष्ठ उपाध्यक्ष शिवजीप्रसाद साह सोनार, वाणिज्य उपाध्यक्ष रामबाबु कलवार, महासचिव प्रकाश गिरी, कोषाध्यक्ष रिना रौनियार पुरी तथा वाणिज्य सचिव रिता कँडेल रहेका छन् । त्यसैगरी, वाणिज्यतर्फ निर्वाचित सदस्यहरू अमरेन्द्रकुमार साह कलवार, विभा गुप्ता, मुकुन्द रिजाल, बलराम पौडेल, विजयकुमार गुप्ता, नवरत्नप्रसाद कलवार र मनोहरबाबु गुप्ताले समेत लिएका हुन् । उनीहरूलाई प्रमुख निर्वाचन अधिकृत शरदचन्द्र भट्टराईले पद तथा गोपनीयताको शपथ गराउनुका साथै प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रम संघका निवर्तमान अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष अशोक टेमानीको प्रमुख आतिथ्यतामा भएको थियो ।

# समावेशी शिक्षा कार्यान्वयनमा चुनौती कायम

**मधेशदृष्टि**
**जनकपुरधाम।**
समावेशी शिक्षा योजनाको प्रभावकारिता, चुनौती र सुधारका उपायबारे केन्द्रित अध्ययन प्रतिवेदन सार्वजनिक तथा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ । कार्यक्रममा सहभागी वक्ताहरूले नेपालमा समावेशी शिक्षाको अवधारणा नीतिगत रूपमा स्वीकार गरिए पनि व्यवहारिक रूपमा अझै पूर्ण कार्यान्वयन हुन नसकेको बताएका छन् ।
युरोपियन युनियन, पिपुल इन नीड र अकाउन्टिबिटी ल्याबको सहयोगमा एनसीई नेपाल तथा एनडीडब्लुएद्वारा आयोजित कार्यक्रममा शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।
एनसीई नेपाल धनुषाका संयोजक लालबाबु हाथीको अध्यक्षतामा



सम्पन्न कार्यक्रममा मधेश प्रदेशका विभिन्न स्थानीय तहमा सञ्चालन भइरहेको 'एक्सेस परियोजना' अन्तर्गत समावेशी शिक्षाको अवस्था, उपलब्धि तथा चुनौतीबारे विस्तृत छलफल गरिएको थियो । कार्यक्रममा एनसीई नेपालका मधेश प्रदेश संयोजक लक्ष्मेश्वर मण्डलले अध्ययन प्रतिवेदन सार्वजनिक गर्नुका साथै समावेशी शिक्षा सम्बन्धी नीतिगत बहसलाई सशक्त बनाउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताए । उनले मधेश प्रदेशका सात जिल्लाका एक दर्जनभन्दा बढी पालिकामा परियोजना सञ्चालन भइरहेको जानकारी दिए ।
एनसीई नेपालका उपाध्यक्ष रामप्रवेश साहले संस्थाको भूमिका र शिक्षा क्षेत्रमा भइरहेका गतिविधिबारे प्रकाश पारेका थिए ।
त्यसैगरी पिपुल इन नीडकी सुनिता बोहराले एक्सेस परियोजनाबाट प्राप्त उपलब्धि, सिकाइ र कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूबारे प्रस्तुतीकरण गरेकी थिइन् ।
कार्यक्रममा एनसीई नेपालका प्रकाश महर्जनले शिक्षा तथा सामाजिक मुद्दामा प्रभावकारी समाचार र लेखन शैलीबारे पत्रकारहरूलाई प्रशिक्षणात्मक प्रस्तुति दिएका थिए । यस्तै सहजकर्ता निता गुरुङले समावेशी शिक्षा सम्बन्धी नीतिगत अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै शिक्षा प्रणालीलाई अझ पहुँचयोग्य, समानतामूलक र समावेशी बनाउन आवश्यक सुधारका विषयमा जानकारी गराएकी थिइन् ।
छलफलका क्रममा सहभागीहरूले समावेशी शिक्षालाई केवल नीतिगत दस्तावेजमा सीमित नराखी विद्यालय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्य, स्थानीय तह, विद्यालय र समुदायबीच समन्वय आवश्यक रहेकोमा जोड दिएका थिए । उनीहरूले विशेष आवश्यकता भएका बालबालिका, विपन्न समुदाय तथा सीमान्तकृत वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्न थप लगानी र नीति कार्यान्वयनमा प्रतिबद्धता आवश्यक रहेको धारणा राखेका थिए ।

# सर्वेक्षणमा सहभागी विद्यार्थीलाई प्रमाणपत्र

**मधेशदृष्टि**
**वीरगंज।**
हरिखेतान बहुमुखी क्याम्पसका विद्यार्थीहरू नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत वीरगंज भन्सार कार्यालयमा सञ्चालन गरिएको टाइम रिलिज स्टडी वास्तविक सर्वेक्षणमा सहभागी भएको अवसरमा उनीहरूलाई प्रमाणपत्र प्रदान गरिएको छ ।
चैत २२ देखि २८ गतेसम्म सञ्चालन भएको सर्वेक्षणमा २० विद्यार्थीहरूले गणनाकर्ताको रूपमा सहभागिता जनाएका थिए । सहभागी विद्यार्थीहरूको मेहनत, इमानदारिता र समर्पणको उच्च मूल्यांकन गर्दै प्रमाणपत्र प्रदान गरिएको हो ।
समापन समारोहमा वीरगंज भन्सार कार्यालयका प्रमुख काजीबाबु कोइरालाले विद्यार्थीहरूको सहभागिताले उनीहरूलाई व्यवहारिक ज्ञान प्राप्त गर्ने महत्वपूर्ण अवसर मिलेको बताए ।
कार्यक्रम हरिखेतान बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष डा. रामऔतार खेतानको अध्यक्षतामा भएको हो ।
वीरगंज भन्सार कार्यालयका प्रतिनिधि लेखनाथ भट्टराई, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष तथा क्याम्पस व्यवस्थापन समितिका उपाध्यक्ष हरि गौतम, जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी राजु कार्की, व्यवस्थापन समितिका सल्लाहकार जयप्रकाश खेतान लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
गुजरा नगरपालिका–५ हरिहरपुरस्थित भित्री सडकमा मोटरसाइकल दुर्घटना हुँदा युवकको मृत्यु भएको छ । अर्का एक जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा चन्द्रपुर नगरपालिका–५ का २४ वर्षीय दिपेश चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ ।
बुधबार साँझ गुजरा–५ हरिहरपुरस्थित भित्री सडकमा कनकपुरबाट हरिहरपुरतर्फ जाँदै गरेको बा९३प ७५८८ नम्बरको मोटरसाइकलले सडकमा रहेको बाछ्रालाई ठक्कर दिएको थियो ।
दुर्घटनामा मोटरसाइकल चालक चन्द्रपुर–५ का २३ वर्षीय आमोद चौधरी र पछाडि सवार दिपेश गम्भीर घाइते भएका थिए । उनीहरूलाई तत्काल उपचारका लागि चन्द्रपुर अस्पताल लगिएको थियो । उपचारक्रममा दिपेशको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता वसन्त गौतमले जानकारी दिए ।

# धर्मशालाको नयाँ कार्यालय उद्घाटन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
गंगा सागर भगवान श्री शिव मन्दिर धर्मशालाको कार्यालयको उद्घाटन वैदिक मन्त्रको जपसँगै गरिएको छ । शिव मन्दिर धर्मशालाका कार्यकारी अध्यक्ष ई. प्रकाश चन्द्र साहले समारोह सञ्चालन गरेका थिए । जनकपुरधाममा तीर्थयात्रीहरूलाई कम लागतमा आवास प्रदान गर्न स्वर्गीय रामचन्द्र साहले मार्च ९, १९८३ मा धर्मशाला निर्माण गरेका थिए । गंगा सागरको किनारमा निर्मित दुईतले धर्मशालामा २३ कोठा छन् । १३ सिंगल–बेड कोठा, ७ डबल–बेड कोठा, र ३ ट्रिपल–बेड कोठा । महँगाइको यस समयमा, एउटा कोठाको मूल्य दुई सय पचास (तल) नेपाली रुपैयाँ २५० र माथिल्लो तल्लाको मूल्य २६५ रुपैयाँ पर्छ । त्यसैगरी, भव्य तल्लामा डबल बेडको मूल्य ४५० र माथिल्लो तल्लामा ५०० पर्छ ।



त्यसैगरी, भव्य तल्लामा ट्रिपल बेडको मूल्य ६५० र माथिल्लो तल्लामा ट्रिपल बेडको मूल्य ६७५ पर्छ । यस धर्मशालामा मासु र मदिरा निषेध गरिएको छ । कम शुल्कका कारण भारतीय तीर्थयात्रीहरू ठूलो संख्यामा बस्छन् ।

# 'डिएफओ सरुवा हुन्छन्, रमाना हुँदैनन्'

**मधेशदृष्टि**
**रौतहट।**
डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहको सरुवा आदेश तत्काल कार्यान्वयन गर्न चुरे तथा वनजंगल संरक्षण अभियानले माग गरेको छ । अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै सरुवा भएको दुई साताभन्दा बढी समय बितिसक्दा पनि निर्णय कार्यान्वयन नभएको भन्दै आपत्ति जनाएका हुन् । अभियानले रौतहट वन क्षेत्रसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्न तथा महोत्तरीको बर्दिबास–कालापानी क्षेत्रमा वन कर्मचारीमाथि भएको दुव्र्यवहार र सरकारी गाडी जलाइएको घटनाका दोषीलाई कानुनी कारबाही गर्न पनि माग गरेको छ । मागहरू सम्बोधन नभए सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी अभियानले दिएको छ ।

सम्पादकीय

# मधेशका पालिकाहरूमा बजेट ढिलाइः एक गम्भीर चुनौती

नेपालको संघीय संरचनामा स्थानीय तहलाई विकास र सेवा प्रवाहको मेरुदण्ड मानिन्छ । तर, मधेश प्रदेशका पालिकाहरूमा हरेक वर्ष बजेट समयमै ल्याउन नसक्ने समस्याले गम्भीर चुनौती खडा गरेको छ। आर्थिक वर्ष सुरु हुनुअघि नै बजेट प्रस्तुत गरी कार्यान्वयनमा ल्याउनुपर्ने संवैधानिक व्यवस्था भए पनि मधेशका धेरै स्थानीय तहहरूले यो समयसीमा पालना गर्न सकेका छैनन्। यसले गर्दा विकास निर्माणका कार्यहरू प्रभावित हुने, सेवा प्रवाहमा ढिलाइ हुने र समग्रमा सुशासनमाथि प्रश्नचिह्न खडा हुने गरेको छ। यो समस्या केवल प्राविधिक मात्र नभई राजनीतिक र व्यवस्थापकीय कमजोरीहरूको उपज हो।

बजेट ढिलाइ हुनुका प्रमुख कारणहरूमा राजनीतिक खिचातानी र सहमति अभाव मुख्य देखिन्छन् । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूबीचको आन्तरिक विवाद, दलगत स्वार्थ र नेतृत्वको अभावले बजेट निर्माण प्रक्रियालाई अवरुद्ध पार्ने गरेको छ। कतिपय अवस्थामा प्रमुख र उपप्रमुखबीचको असमझदारी, कार्यपालिका सदस्यहरूबीचको मतभेद र योजना छनोटमा हुने राजनीतिकरणले पनि बजेटलाई बन्धक बनाउने गरेको छ । यसका साथै, कर्मचारी अभाव, प्राविधिक क्षमताको कमी र बजेट तर्जुमा प्रक्रियासम्बन्धी ज्ञानको अभाव पनि ढिलाइको सहायक कारणका रूपमा देखिएका छन्।

समयमै बजेट नआउँदा यसका नकारात्मक असरहरू बहुआयामिक हुन्छन्। सबैभन्दा पहिले, विकास निर्माणका परियोजनाहरू समयमै सुरु हुन पाउँदैनन्, जसले गर्दा लागत बढ्ने र गुणस्तरमा सम्झौता हुने सम्भावना रहन्छ । सेवा प्रवाहमा ढिलाइ हुँदा नागरिकहरूले आधारभूत सेवाहरूबाट वञ्चित हुनुपर्छ । उदाहरणका लागि, शिक्षा, स्वास्थ्य र सरसफाइका कार्यक्रमहरू प्रभावित हुन्छन् । यसका साथै, पुँजीगत खर्चमा कमी आउँछ, जसले आर्थिक वृद्धिमा बाधा पु¥याउँछ । मधेश प्रदेशमा पुँजीगत खर्चको अवस्था निकै कमजोर रहेको तथ्यांकले देखाउँछ । बजेट ढिलाइले वित्तीय अनुशासनहीनतालाई पनि बढावा दिन्छ।

यो समस्या समाधानका लागि स्थानीय सरकार सञ्चालन ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। बजेट तर्जुमा र प्रस्तुतीकरणसम्बन्धी स्पष्ट कार्यविधि र समयसीमाको पालना गर्न गराउन प्रदेश र संघीय सरकारले पनि आवश्यक समन्वय र सहजीकरण गर्नुपर्छ । राजनीतिक दलहरूले स्थानीय तहलाई दलगत स्वार्थभन्दा माथि उठेर काम गर्न प्रोत्साहन गर्नुपर्छ र जनप्रतिनिधिहरूबीच सहमति र सहकार्यको वातावरण निर्माणमा जोड दिनुपर्छ। कर्मचारीको क्षमता अभिवृद्धि र प्राविधिक सहयोग पनि उत्तिकै महत्त्वपूर्ण छ।

अन्ततः, मधेशका पालिकाहरूमा बजेट ढिलाइको समस्या समाधानका लागि बलियो राजनीतिक इच्छाशक्ति, पारदर्शिता र जवाफदेहिता आवश्यक छ। स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुको अर्थ उनीहरूलाई जिम्मेवार पनि बनाउनु हो। समयमै बजेट ल्याई त्यसको प्रभावकारी कार्यान्वयन गर्न सके मात्रै संघीयताको मर्म र स्थानीय सरकारको औचित्य पुष्टि हुनेछ। यसले मधेश प्रदेशको समग्र विकास र समृद्धिको मार्ग प्रशस्त गर्नेछ।

# आम्दानीको मुख्य स्रोत बन्दै दालचिनी

रामचन्द्र रायमाझी/रासस

**पाल्पा।**
यहाँको तिनाउ गाउँपालिका सत्यवतीका जीतबहादुर राना ऋणधन गरी आठ वर्षअघि मलेसिया जानुभयो । झण्डै छ वर्ष वैदेशिक रोजगारमा बिताउनुभएका उनले त्यहाँ राम्रो कमाई गर्न नसकेपछि घर पर्कनुभयो । विदेश जानुअघि गाउँमा परिवारले मकै, कोदोखेती लगाउँथे। उन घर फर्किंदा कोदो, मकै छोडेर परिवारका सदस्यहरूले दालचिनीको खेती सुरु गरिसकेका रहेछन् । जीतबहादुर पनि दालचिनी खेतीमै लागे र विदेश जाने क्रम रोके।

‘अब विदेश जान्न गाउँमै दालचिनीको खेती गर्छु भनेर यसैमा लागेको छु,’ घरआँगनमा दालचिनी स्याहार्दै गरेका उनले भने, ‘वार्षिक पाँचदेखि आठ लाख आफ्नै गाउँमा कमाइ हुँदोरहेछ। किन विदेश गइरहनु ?’ विदेशमै रहेका छोरालाई पनि उनले घर बोलाएको बताए । खरबारी, भिर, कान्लामा लगाएको दालचिनीबाट गत वर्ष आफूले सात लाख रुपैयाँको कारोबार गरेको र विदेश जाँदा लागेको ऋण समेत चुक्ता गरेको उनले बताए।

स्थानीय दमयन्ती दर्लामीले गत वर्ष छोराको बिहे गरिदिए। बिहेमा झण्डै दुई लाख रुपैयाँ ऋण लाग्यो। उक्त ऋणले दमयन्तीलाई निन्द्रा न भोक नै बनायो। ऋणकै कारण एक वर्षसम्म राम्रोसँग रातमा निदाउन नसकेकी दर्लामी हिजोआज भने राम्रैसँग निद्रा लाग्ने गरेको बताउँछन् । आफ्ना श्रीमान्ले बारीको काल्नाभरि चार वर्ष अगाडि लगाएको दालचिनीको पात र बोक्राबाट चार लाख रुपैयाँ हात प¥यो। ऋण पनि चुक्ता भयो, झन् केही रकम बचत पनि भएपछि आनन्दले निद्रा लागेको उन आफ्नो अनुभव सुनाउँछन्।

दर्लामीकै आफन्त टीकाराम ढाडाको पनि कथा र व्यथा उस्तै छ। गत वर्ष बर्सातका कारण ओत लाग्ने बासै गयो । त्यही बास बनाउन उनले चार लाख रुपैयाँ ऋण लिनुप¥यो । त्यो ऋणले उनलाई पनि लामो समय बेचैन नै बनायो । भनिन्छ ‘दुख र अफ्ठ्यारोमा परेकाहरुको साथी भगवान हुन्छन्’ भने जस्तै त्यही वर्ष दालचिनी बिक्रीबाट झण्डै तीन लाख र तेजपात बिक्रीबाट एक लाख ५० हजार रुपैयाँ हात प¥यो । त्यसले सन्तोषको श्वास लिन सकेको उन बताउँछन् । रैनादेवी छहरा गाउँपालिका–८ खुर्सानेकी देवीका सारुकी ठूली छोरी कमलाको भविष्यमा नर्स बन्ने सपना थियो। त्यो सपना पूरा गर्न उनँको पारिवारिक आर्थिक अवस्थाले पुग्दैनथ्यो।

सारुले पाँच वर्षअघि आफ्नो बाँझो जग्गामा दालचिनी लगाउनुभएको थियो । दालचिनीबाट राम्रो आम्दानी हुन्छ भन्ने उनले कल्पनासमेत गर्नुभएको थिएनन् तर घरमै बुटवलबाट व्यापारी दालचिनीका बोक्रा लिन आएपछि उनले बल्ल यसबाट राम्रो आम्दानी हुन्छ भन्ने थाहा पाउनुभयो। उनले गतवर्ष दालचिनीका पात र बोक्रा बिक्री गरेर रु पाँच लाख आम्दानी गर्न सफल हुनुभयो। त्यही आम्दानीबाट अहिले छोरीको नर्स बन्ने सपना पूरा गर्दै हुन्।

यस्तै निस्दीको ज्यामिरेका खेमबहादुर सोतीले दुई लाख हालेर ल्याएको बेहुनी भैँसी गत वर्ष गोठमा भएको आगलागीमा परेर म¥यो । दूध र घ्यू बिक्रीबाट आम्दानी गर्ने सोच बनाएर झण्डै लाखौँ खर्चेर भैँसी किनेर ल्याएका उनले भैँसी नै नरहेपछि त्यही भैँसी किन्दा लागेको ऋण तिर्नकै लागि भारत जाने तयारीमा हुनुहुन्थ्यो तर साथीभाइले खेर गएको तेजपातको बिक्रीबाट राम्रो कमाइ हुन्छ भनेपछि उनी रोकिए। नभन्दै गत वर्षको दसैँमा सोतीले तेजपात बिक्रीबाट तीन लाख रुपैयाँ हात पार्नुभयो। त्यही आम्दानीले भैँसीको ऋण तिर्न सकेको उन बताउँछन्।

यी त केही प्रतिनिधि पात्र मात्रै हुन् । यहाँका धेरै किसानले दालचिनीको पात र बोक्रा बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन्। एक पटकको लगानी र कम मिहेनतमा पनि यहाँका किसानले वार्षिक पाँचदेखि आठ लाख रुपैयाँसम्म कमाउन सफल भएका हुन्। खेर गएको जग्गामा लगाएको दालचिनीका बोटबाट पात र बोक्रा बेचेर मनग्य आम्दानी गर्न सकिनेमा किसानहरु पूर्णतः विश्वस्त देखिन्छन्।

भिरालो जग्गा र खेती गर्न नसकिने जग्गामा पनि दालचिनीका बोट लगाएर आम्दानी गर्न सकिने कचलका व्यावसायिक कृषक थर्कबहादुर बगालेले बताए। अन्य खेतीबाट भन्दा दालचिनीबाट फाइदा भएपछि खेतीयोग्य जग्गामा समेत मानिसले दालचिनीका बोट रोप्न थालेको उनले बताए । दालचिनी मसला तथा औषधिजन्य तेल उत्पादनमा प्रयोग हुने कच्चा वस्तु हो। दुई रोपनी क्षेत्रफलमा लगाएको दालचिनीबाट वार्षिक ५० हजारदेखि एक लाख रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ। दालचिनी रोपेको तीन वर्षमै आम्दानी गर्न सकिने बगाले बताउँछन्। दालचिनीको बोक्रा र पातले समेत राम्रो मूल्य पाएपछि यहाँका किसानहरु यसतर्फ आकर्षित भएका छन्।

पछिल्लो समय मानिस गाउँमा बस्न छाडेको र गाउँमा बसोबास गर्ने किसानका बालीसमेत बाँदरले खान थालेपछि कृषकहरु यसतर्फ आकर्षित भएका हुन्। गाउँ छाडेर सहरमा बसाई गर्ने मानिसले समेत अचेल गाउँको खाली जग्गामा दालचिनीका बिरुवा रोप्न थालेका छन्। जिल्लाको रैनादेवी छहरास्थित खुर्सेनी, बल्ढेङ्गढी, सत्यवती, जुठापौवा, भुवनपोखरी, तिनाउको कचल, दोभान, कोलडाँडा, सत्यवती, ज्यामिरे, बेरुवा, जन्तिलुङ्ग, माथागढीको झडेवा, जगाद गोठादी, भुटुके, रम्भा, पूर्वखोला, निस्दीको अर्चले, ज्यामिरे, भिरपानी, धवला, अदममारा, धनुबाँसलगायतका क्षेत्रबाट वर्षमा पाँच करोड रुपैयाँभन्दा बढीको बोक्रा र पात निकासी हुने गरेको छ।

भारत तथा अन्य मुलुकमा मसला, सुगान्धित तेल लगायतका विभिन्न किसिमका औषधि निर्माणको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुदै आएको दालचिनीखेती अहिले पाल्पामा व्यावसायिक रुपमा विस्तार हुँदै गएको छ। दालचिनी उत्पादनको क्षेत्रमा यातायातको सहज पहुँच पुगेपछि जिल्ला वन कार्यालय पाल्पाले बजार व्यवस्थापन, विरुवा वितरण, खेती विस्तार तथा प्रवर्द्र्धनका लागि क्षमता अभिवृद्धिका तालिमले कृषकलाई हौसल्ला बढाएपछि अहिले व्यावसायिक रुपमा दालचिनी खेती हुन थालेको हो।

**छ वर्षमा ६८ लाख केजी निर्यात**

पाल्पाबाट छ वर्षको अवधिमा ६८ लाख नौ हजार ३७ किलोग्राम तेजपात र दालचिनीका बोक्रा निकासी भएको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी खिलबहादुर तामाङले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा १२ लाख ८४ हजार ४८२ किलोग्राम तेजपात र तीन लाख ४७ हजार ९६९ किलोग्राम दालचिनीका बोक्रा भारत निकासी भएको हो । यस्तै आव २०८१/८२ मा आठ लाख ८१ हजार सात सय ३१ किलोग्राम तेजपात र एक लाख २१ हजार १० किलोग्राम दालचिनीका बोक्रा निकासी भएको छ । यहाँ उत्पादित तेजपात र दालचिनीको प्रमुख बजार भनेको भारत हो । यसलाई भारतमा औद्योगिक कच्चा पदार्थ र मसलाजन्य बस्तुको रुपमा प्रयोग हुने गर्दछ। यहाँका कृषकले सान्यतः तेजपात प्रतिकेजी ५० देखि ६० रुपैयाँ र बोक्रा दालचिनी प्रतिकेजी एक सय रुपैयाँमा बिक्री गर्ने गर्दछन्।

तेजपात र दालचिनी यहाँका नागरिकहरुको प्रमुख आम्दानीको माध्यम बनेको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताए। उनले भने, ‘विपन्न वर्गका नागरिकहरुका लागि यो सहारानै बनेको छ। यसको प्रभाव सकारात्मक परेका कारण प्रत्येक वर्ष बिरुवाको माग बढदो छ।’ समुदायमा पुगेर आर्थिक क्षेत्रमा यसको महत्व, नर्सरी स्थापनादेखि भण्डारण, बजारीकरण, कृषकलाई तालिम दिँदै आएको डिभिजन प्रमुख श्रेष्ठको भनाइ छ। वैदेशिक रोजगारमा जान चाहने युवाहरु समेत अहिले दालचिनी व्यवसायिक खेतीतर्फ लागेका छन्।

**घरमै पुग्छन् स्थानीय व्यापारी**

स्थानीय व्यापारी बोक्रा र पात खरिद गर्न घर–घरसम्म आइपुग्छन् । पछिल्लो समयमा दालचिनीको पातबाट किसानले ६० रुपैयाँ र बोक्राबाट एक सय १५ रुपैयाँसम्म गाउँमै पाउने गरेका छन्। गोदाम रहेको स्थानसम्म लग्ने हो भने १०÷१५ रुपैयाँ बढी मूल्य पाउँछन् । त्यहाँ तोकिएको मूल्यअनुसार तौलेर ल्याएको दालचिनी ठूला व्यापारीहरुले गोदाममार्फत भारत निकासी गर्दै आएका छन्।

तेजपात दालचिनी व्यापारी लेखनाथ घिमिरेका अनुसार हाल कृषकको घरमै पुगेर दालचिनीको बोक्रा खरिद गर्ने गरिएको बताए। परम्परादेखि नै हुने यहाँका ख¥यान, पाखोबारीका डिल तथा कान्लामा दालचिनीका बोट प्रशस्त छन् । सुरुमा आफैँ उम्रिएका केही दालचिनीका बिरुवालाई संरक्षण गर्दै किसानले बाँकी खाली जग्गामा पनि बिरुवा लगाएका हुन् । दालचिनी बोटका पात र बोक्रा प्रत्येक वर्ष असोजदेखि फागुनसम्म आफू अनुकूल काट्ने गरिन्छ।

**भान्साको ओखती दालचिनी**

दालचिनीलाई दालचिनीबाहेक कतिपयले सुनकाउली, तेजपात भन्छन्। सामान्यतः दालचिनी हाम्रो भान्सामा सहजै उपलब्ध हुने मसला हो। मासु वा तरकारीको स्वाद बढाउन होस् वा चियाको, दालचिनी सबैमा उपयोगी हुन्छ। यसको स्वाद मीठो हुनुको साथै बास्नादार पनि हुन्छ । दालचिनीको उपयोगिता स्वाद बढाउनमा मात्र छैन, विभिन्न औषधीय गुणले भरिपूर्ण समेत छ । दालचिनी खासमा रुखको बोक्रा हो। तेजपत्ता भनेर चिनिने यसको पात पनि स्वादिलो र औषधीय गुणले भरिपूर्ण हुन्छ । दालचिनीमा भिटामिन ‘ए’, भिटामिन ‘बी’, क्याल्सियम, आइरन, म्याग्नेसियम र फाइबर हुन्छ। साथै, दालचिनीमा एन्टिफङ्गल, एन्टिब्याक्टेरियल, एन्टिअक्सिडेन्ट तत्वसमेत पाइन्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरुमा बढी प्रयोग हुने दालचिनी र तेजपत्ता मस्तिष्कको क्षमता बढाउन वा स्मरण शक्ति बलियो बनाउन उपयोगी मानिन्छ।

एक हेक्टर क्षेत्रफलमा एक हजार छ सय बिरुवा लगाउन सकिने दालचिनीको स्थानीय तहमा प्रशोधन केन्द्र स्थापना गर्नतर्फ प्रदेश र सङ्घीय सरकारले पहल गरेको खण्डमा वैदेशिक मुद्रा आर्जन गर्ने बलियो आधार बन्नुको साथै रोजगारीको अवसर सिर्जना हुने र स्वदेशी कच्चा पदार्थको प्रयोगको कारण उद्योग कलकारखाना फष्टाउने थियो।

# दुर्लभ चरा खोज्दै र चिनाउँदै संरक्षणकर्मी

चन्द्रकला भण्डारी/रासस

**झापा।**
जङ्गलको बाटो, काँधमा क्यामरा अनि आँखामा चरा खोज्ने सपना बोकेर मेचीनगर–६ काँकडभिट्टाका देवेन्द्र खरेल एक दशकदेखि दौडधुप गरिरहेका छन्। पेसा र सोखले फोटोग्राफर खरेल आज नेपालकै वन्यजन्तु संरक्षण र चरा अनुसन्धानमा इतिहास ब्युँताउने नाम बनेका छन्। नेपालमा डेढ सय वर्षदेखि नदेखिएको दुर्लभ चरा ‘हडरायो’ र नेपालकै इतिहासमा पहिलोपटक ‘हरित परेवा’ पत्ता लगाएर विश्वभर सनसनी मच्चाउने खरेल हाल मेची चरा तथा वन्यजन्तु संरक्षण समाजको अध्यक्ष हुन्। उनले नै ‘बैजनी ढाँडे बुङ्गे’ चरा नेपालमा पहिलोपल्ट फेला पारेको अभिलेखीकरण भएको छ।

विसं २०७८ पुसको जाडोमा इलामको सूर्योदय नगरपालिका–१ स्थित थुम्के भन्ने ठाउँमा चरा खोज्न हिँडिरहेका बेला खरेलको नजर आकाशमा ठूला प्वाँख फिजाएर उडिरहेका एक जोडी अनौठा चरामा प¥यो। संयोगले ती चरा नजिकैको रुखमा बसेपछि उनले केही तस्बिर र भिडियो खिचे। त्यही चराको फोटोले उनलाई संसारभर चिनायो। ती चराहरु दुर्लभ प्रजातिको एक जोडी ‘हडरायो’ थिए।

‘फोटो खिचिसकेपछि यो खबर म कसलाई सुनाउँ, कुन मिडियालाई भनुँ, कि के गरुँ जस्तो भएको थियो,’ अनौठो चरा भेट्दाको खुसी साट्दै उनी भने, ‘मेरो भाग्य, ती चरा रुखमै बसे। उडेर टाढा गइदिएका थिए भने मैले फोटो खिच्न पाउने थिइन। मैले फटाफट फोटो खिचेँ। त्यो मेरो जीवनकै सबैभन्दा अविस्मरणीय क्षण हो।’

प्रधानमन्त्री भीमसेन थापाको पालातिर ब्रिटिस खोजकर्ता ब्रायन हड्सनले नेपालमा विश्वमै पहिलोपल्ट ‘हडरायो’ चरा भेटिएको प्रमाण पेस गरेका थिए। डेढ सय वर्षपछि खरेलले यो चरा नेपालमा जीवितै रहेको प्रमाण दिए। त्यसअघि खोजकर्ताहरुले ‘हडरायो’ नेपालबाट लोप भइसकेको औपचारिक प्रतिवेदन नै दिइसकेका थिए।

सुरुका दिनमा दृश्य, फूल र पुतलीको तस्बिर खिच्ने खरेलको ध्यान विस्तारै चराचुरुङ्गीतर्फ सोझियो । भारतकी प्रख्यात वाइल्डलाइफ फोटोग्राफर राथिका रामास्वामी र जीवविज्ञानका लेखक कमल मादेनका कामहरूले उनको मनमा चरा खोज्ने भोक जगाइदियो । यही भोकले उनलाई नेपालको चरा इतिहासमै एउटा सुनौलो पाना थप्ने ठाउँसम्म पुर्यायो।

नेपालको ८८७ औँ चराको रूपमा ‘हरित परेवा’लाई मानिन्छ। यो चरा २०७७ मङ्सिर ९ गते मेचीनगर नगरपालिका–७ मा खरेलले नै फेला पारेका थिए। घरेलु परेवाभन्दा १० सेन्टिमिटर लामो र दुवै पखेटामा चम्किलो हरियो रङ हुने सो प्रजातिको परेवा ढुकुरभन्दा दोब्बर र घरेलु परेवाभन्दा निकै ठूलो आकारको हुन्छ। यो परेवा नेपालमा पाइन्छ भनेर खरेलले नै पत्ता लगाउनु भएको हो। २०८१ फागुन ७ गते उनले मेचीनगरकै काँकडभिट्टामा ‘बैजनी ढाँडे बुङ्गे’ चराको तस्बिर र भिडियो खिचेका थिए। चरा नेपालमा पहिलोपल्ट फेला भेटिएपछि नेपालमा पाइने चराको सूचीमा एउटा चरा थपिएको थियो।

मेचीनगरको बाहुनडाँगीमा ‘बगर बट्टाई’ र इलामको रोडस्थित कुटीडाँडामा ‘रातो ढाँडे पुष्पकोकिल’ लगायतका दर्जनौँ दुर्लभ मानिएका चराको खोज गरेर उनले नेपाललाई चराको स्वर्गको रुपमा चिनाउन योगदान दिएका छन् । उनले अति दुर्लभ मानिएको पेट कैले कोइली, कालो टाउके बगेडी र संसारकै सबैभन्दा तीव्र गतिमा उड्ने शाहीबाज नामक चरा समेत मेचीनगरमै फेला पारेर तस्बिर सार्वजनिक गरेका छन्।

भौगोलिक रूपमा नेपाल सानो भए पनि चराको विविधतामा विश्वकै २६ औँ स्थानमा पर्छ। हाल नेपालमा ९०३ प्रजातिका चरा रेकर्ड भइसकेका छन् । त्यसमा पनि मेचीनगर क्षेत्र चराहरूको ‘हटस्पट’ रहेको उन बताउँछन्। उनकै पहलमा मेचीनगरमा मात्रै ३६१ भन्दा बढी प्रजातिका चरा भेटिइसकेका छन्।

मेचीनगर–५ मा हालै उनले लामो पुच्छर भएको स्वर्गचरीको बच्चा हुर्काइरहेको जोडी नै फेला पारेका छन् । नगरपालिका, बैंकलगायतका सरकारी तथा गैरसरकारी निकायले उनले खिचेका सुन्दर एवं दुर्लभ चराहरुको तस्बिरलाई आफ्नो कार्यालयको अतिथि गृहमा सजाएर र स्मारिकाहरुमा प्रकाशन गरेर सम्मान दर्साउने गरेका छन्।

नेपालमा चरा संरक्षणको अवस्था निकै दयनीय रहेकोमा खरेल चिन्ता व्यक्त गर्छन्। ‘हाम्रो देशमा चरा पनि जोगाउनुपर्छ र ? भन्ने चेतना छ,’ उन भने, ‘कोशी टप्पुभन्दा पूर्व एउटा पनि वन्यजन्तु आरक्ष नहुनु र देशैभरि जम्मा दुईवटा घोडाघोडी र जगदीसपुर ताल मात्र ‘चरा संरक्षित क्षेत्र’ हुनुले चरा संरक्षणतर्फ राज्यको उदासिनता प्रष्ट हुन्छ।’ मेची नदीपारि भारततर्फ भने आसामसम्म पुग्दा १२ भन्दा बढी वन्यजन्तु संरक्षित क्षेत्रहरु रहेको उनले बताए। मेचीनगर, रोङ र सूर्योदय क्षेत्रलाई समेटेर ‘चरा संरक्षित क्षेत्र’ घोषणा हुनुपर्ने उनको धारणा छ । यस क्षेत्रमा चरा देखाएर पर्यटक आकर्षण गर्न सकिने उनको भनाइ रहेको छ।

नेपालमा अहिलेसम्म चरा पर्यटनको सम्भावनालाई सरकारले अध्ययन नगरेको गुनासो गर्दै उनले नेपालको हावापानी, भूगोल र प्राकृतिक सौन्दर्यसँगै चरा हेर्न समेत विदेशबाट पर्यटक भित्र्याउन सकिने बताए। उन भने, ‘तर यसका लागि राज्यले चरा संरक्षित क्षेत्रहरु घोषणा गर्नुपर्छ र प्रचारप्रसारलाई व्यापक बनाउनुपर्छ।’

चरा रमाइलोका लागि मात्र होइन, मानव अस्तित्वका लागि अनिवार्य रहेको खरेल बताउँछन् । हाम्रो साहित्य, संस्कृति र सङ्गीत चराकै चिरविरबाट सुरु हुने जनाउँदै उनले चरा बिनाको धरती निरस र बस्न अयोग्य हुने बताए। किंवदन्ती, उखान, गीत, लोकभाका र श्रुतिहरुमा चरा बाँचेको उन बताउँछन्। उन चराहरुलाई धरती हराभरा बनाउने ‘अदृश्य माली’ भन्न रुचाउँछन्। ‘चराले बोलेको, गाएको, नाचेको भावलाई लिएर गीत र साहित्य रचना भएका छन्,’ उनले भने, ‘बिहानलाई बुझाउन कथा लेख्नुपर्यो भने चरा चिरविर गरेको भन्ने गरिन्छ। चित्रकारले हिमाल मास्तिर चरा उड्दै देखाउँछ । चराले फलफूल खाएर बिस्कटयाउँदा होस् या चुच्चोमा टिपेर फलफूल अर्को ठाउँमा पु¥याउँदा झुक्किएर झरेका बीजबाट वनजङ्गल फैलिएको हो।’

चराको चोरी शिकारी रोक्न र यसको बासस्थानको संरक्षण मात्रै गर्न सक्दा ठूलो उपलब्धि हुने उनी बताउँछन् । ग्याटिसजस्ता साधन प्रयोग गरेर चरा मार्ने र चरालाई आतङ्कित तुल्याउने कार्यलाई निरुत्साहित गर्न विद्यालय तहमै चरा संरक्षणको ज्ञान दिनुपर्ने उनको धारणा छ । चरामार्फत विश्वभर नेपालको नाम चम्काउने खरेलको पर्दा पछाडिको ब्यथा भने निकै मार्मिक छ। राज्य र समाजको उदासिनताका कारण चरा खोज्दाखोज्दै उनले आफ्नो निजी सम्पत्ति धेरै खर्च गरिसकेका छन्। चरा जोगाउने कुरा गर्दा मानिसहरू हाँस्ने गरेको तीतो अनुभव उनीसँग छ। आफूसँग चराको तस्बिर र भिडियो खिच्ने अत्याधुनिक क्यामरा र लेन्सको अभावका कारण थुप्रै दुर्लभ तस्बिर र भिडियो कैद गर्न नपाएको उनको गुनासो छ।

यही क्षेत्रमा काम गर्ने क्रममा उनले सामाजिक पहिचान र सम्मानसमेत पाउँदै आएका छन्। चरा तथा वन्यजन्तुको खोज, अनुसन्धान र संरक्षणमा पु¥याउनुभएको योगदानको कदर गर्दै सुसेली साहित्यिक परिवारले उनलाई गत वर्ष डा. मुकेशकुमार जनककुमारी चालिसे विज्ञान पुरस्कारबाट सम्मानित गरेको छ भने लाल भागिरथा बानियाँ प्रतिष्ठानले राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरेको छ। कोशी प्रदेश सरकार र पर्यटन कार्यालय काँकडभिट्टाले उनलाई पूर्वी पहाडी जिल्लाहरु इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा रहेका चराहरुको खोजी गर्नका लागि सहयोग लिने गरेको छ।

चराको खोजीका लागि उन नेपालको विभिन्न जिल्ला र भारतको केही प्रान्तहरुमा पुगेका छन्। विदेशबाट नेपालका चरा हेर्न आउने पर्यटक र अनुसन्धाताहरुलाई उनले ‘गाइड’को रुपमा झापा, इलामलगायत देशका विभिन्न जिल्लामा घुमाउने गरेका छन्। चरा संरक्षणका लागि तीनै तहका सरकारले बजेटको व्यवस्था नगरेकोमा उनको गुनासो छ। पर्यटकीय पूर्वाधारको नाममा बन क्षेत्रमा कङ्क्रिटका ठूला संरचना बनाउने र कर्कश आवाज निकाल्ने ‘साउन्ड सिस्टम’ प्रयोग गरिदा चराको बासस्थान र विचरणमा नकारात्मक असर परेको उनको भनाइ छ। पछिल्ला दिनमा उनले नयाँ पुस्तालाई चरा चिनाउने र संरक्षणको चेतना जागृत गर्ने अभियान सञ्चालन गरिरहेका छन्। विद्यालयमा गएर चरा संरक्षणको विषयमा पढाउनेदेखि सिमसार र जङ्गलहरुमा पुगेर समुदायलाई चरा चिनाउने प्रशंसनीय कार्य उनको नेतृत्वमा भइरहेको छ।

## स्वास्थ्य मन्त्रालयले भन्योः
# १० हजार भायल एन्टी रेबिज खोप मौज्दात छ




**काठमाडौँ ।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको हाल करिब १० हजार भायल एन्टी रेबिज खोप मौज्दात रहेको जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले हाल केन्द्रीय, प्रादेशिक तथा जिल्लास्तरीय अस्पतालको भण्डारमा १० हजार ११ भायल एन्टी रेबिज खोप मौज्दात रहेको जानकारी दिएका छन् ।
उनका अनुसार विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा दुई हजार ५०० भायल एन्टी रेबिज खोप प्राप्त भइसकको र थप चार हजार ५०० भायल खोप आगामी केही दिनभित्र प्राप्त हुने सुनिश्चित भएको छ ।
उनले देशभर आवश्यक रेबिज रोकथाम तथा उपचार सेवाको निरन्तरता सुनिश्चित गर्न मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल अघि बढाएको छ ।
मन्त्रालयले स्थानीय तहलाई कुकुर तथा अन्य जनावरको टोकाइ व्यवस्थापन तथा आवश्यक खोप सेवाको सहजीकरण गर्न अनुरोधसमेत गरेको छ । मन्त्रालयले उपलब्ध खोपको व्यवस्थित वितरण तथा व्यवस्थापनमार्फत सेवाको निरन्तरता कायम राख्न सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको सहप्रवक्ता डा.अधिकारीले जानकारी दिए ।
उनका अनुसार, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुमा एन्टी रेबिज खोप करिब ४० दिनलाई पुग्ने मौज्दात रहेको रहेको बताए । स्वास्थ्य सेवा विभागबाट नियमित खरिद प्रक्रिया सम्पन्न भएपछि खोप आपूर्ति प्रणाली पूर्णरूपमा नियमित हुने अपेक्षा गरिएको बताए ।रासस

# चिया निर्यात समस्या समाधान कार्यदल गठन



**काठमाडौँ ।**
सरकारले भारततर्फ चिया निर्यात गर्नेक्रममा देखिएको समस्या समाधान गर्न एक कार्यदल गठन गरेको छ । प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखाका सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरिएको हो ।
कार्यदलको सदस्यहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ, गृह, परराष्ट्र र कृषि, वन तथा पर्यावरण मन्त्रालयका उपसचिव हुनुहुन्छ ।
यसैगरी, भन्सार विभागका उप–महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग र राष्ट्रिय चिया तथा कफी विकास बोर्डका निर्देशक एवं द्विपक्षीय व्यापार तथा पारवहनअन्तर्गत भारत हेर्ने शाखाका उपसचिव सदस्य र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिवलाई कार्यदलको सदस्यसचिव तोकिएको छ ।
भारत सरकारको 'टि बोर्ड अफ इन्डिया'ले भारतमा आयात हुने चियाका सबै 'कन्साइनमेन्ट'को अनिवार्य गुणस्तर परीक्षण गर्ने प्रावधान तोकेसँगै संलग्न 'एसओपी'मा रहेको प्रयोगशालाको शुल्कसहित प्रयोगशाला परीक्षण प्रतिवेदन नआएसम्म सामान गोदाममा अनिवार्य भण्डारण गर्नुपर्नेलगायतका प्रावधान राखेपछि निर्यात व्यापार प्रभावित हुँदा नेपाली चिया किसान तथा व्यवसायी समस्यामा परेका थिए ।
नयाँ प्रावधानका कारण साना तथा मझौलास्तरका चिया किसान र निर्यातकर्ताहरूले भारततर्फ चिया निकासी गर्दा कठिनाइ व्यहोर्नुपरेको थियो । यसैगरी, भन्सार बिन्दुहरुमा लामो समयसम्म मालबाहक सवारीसाधन रोकिनु पर्ने हुँदा चियाको ताजापन र गुणस्तरमा ह्रास आउने र व्यापारको लागत बढ्दै गएको भन्ने व्यवसायीको गुनासोलाई सम्बोधन गर्न सरकारले सम्बद्ध सरकारी निकायका अधिकारी सम्मिलित कार्यदल गठन गरको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दाहालले जानकारी दिएका छन् ।रासस

# जनविश्वास बिना सञ्चारमाध्यमको अस्तित्वमा प्रश्न उठ्छः सञ्चारमन्त्री



**चितवन ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले जनताको विश्वास गुमे सञ्चारमाध्यमको अस्तित्वमाथि नै प्रश्न उठ्ने बताएका छन् । बिहिबार पत्रकारहरूसँग कुरा गर्दै उनले सञ्चारकर्मीलाई आत्ममूल्याङ्कन गर्न आग्रह गरे । 'आम सञ्चारकर्मी मित्रहरुले आफूलाई आफैँले सोध्नुपर्ने प्रश्न के हो भने हामीमाथि जनताको विश्वास छ कि छैन ?' उनले भने ।
आफ्नो भूमिका र जिम्मेवारीबारे गम्भीर समीक्षा गर्दै अघि बढ्न सके आगामी पाँच वर्षमा देशले गति लिएजस्तै सञ्चार क्षेत्रले पनि नयाँ गति लिन सक्ने उनको भनाइ थियो । सञ्चार क्षेत्रलाई बलियो बनाउन आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री डा तिमिल्सिनाले सबै सरोकारवालासँग संवाद गरी आवश्यक नीति, नियम र कानुन संशोधनमार्फत सञ्चार क्षेत्रको सुदृढीकरणका लागि सहकार्य गर्न तयार रहेको बताए । सञ्चारकर्मीसँगको सहकार्यबाट यस क्षेत्रलाई सबैले गर्व गर्न सक्ने र जिम्मेवार संस्थाका रूपमा विकास गर्नुपर्नेमा उनले जोड दिए ।पृथक प्रसङ्गमा उनले वर्तान सरकार देश र जनतालाई केन्द्रमा राखेर नागरिकले अनुभूत गर्नेगरी काममा क्रियाशील रहेको बताए ।
सञ्चार क्षेत्रको उन्नति, यसलाई सम्मानित क्षेत्रका रूपमा स्थापना गर्ने र जनविश्वास आर्जन गर्ने बनाउन सबैले गम्भीर भएर मनन गर्नुपर्ने अवस्था आएको उनले बताए । उनले सञ्चार क्षेत्रमा देखिएका समस्याको खोजी गरी समाधानतर्फ अग्रसर हुनुपर्नेमा जोड दिए । सञ्चार क्षेत्र बलियो बनाउन सञ्चारकर्मी स्वयं जिम्मेवार हुनुपर्ने उनको कथन थियो ।
विज्ञापन क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउन सरकारले विज्ञापन नीति ल्याउने तयारी गरिरहेको जानकारी सञ्चारमन्त्रीले दिए । विज्ञापन क्षेत्रलाई उद्योगका रूपमा विकास सरकारको लक्ष्य रहेको उनको कथन थियो । विज्ञापनलाई औपचारिक क्षेत्रमा कसरी रूपान्तरण विज्ञापन नीति केन्द्रित छ,उनले भने ।
लोककल्याणकारी विज्ञापन सरकारले नरोकेको स्पष्ट गर्दै मन्त्री तिमिल्सिनाले वास्तविक श्रमजीवी पत्रकारलाई यसबाट लाभान्वित गराउन सरकारले चाहेको बताए ।रासस

# ओमानमा नेपाल–ओमान आर्थिक सहकार्य प्रवर्द्धन कार्यक्रम आयोजना




**काठमाडौँ ।**
ओमानस्थित नेपाली राजदूतावासले नेपाल र ओमानबिच व्यापार, लगानी, पर्यटन तथा रोजगारीका अवसर प्रवद्र्धन गर्ने उद्देश्यले 'समृद्धिका लागि आर्थिक साझेदारी' शीर्षकमा विशेष कार्यक्रम आयोजना गरेको छ । बुधबार आयोजित कार्यक्रममा विभिन्न कम्पनी तथा 'सुपर मार्केट'का प्रमुख कार्यकारी अधिकृत, निर्देशक, प्रबन्धक, सञ्चारकर्मी, नेपाली उद्यमी र ओमानस्थित नेपाली समुदायका प्रतिनिधिसहित १०० भन्दा बढीको सहभागिता थियो ।
त्यस अवसरमा ओमानका लागि नेपाल राजदूत डोरनाथ अर्यालले नेपालमा व्यापार, लगानी तथा पर्यटनका प्रशस्त सम्भावना रहेका बताउँदै वैदेशिक लगानीका प्राथमिकताका क्षेत्रबारे विस्तृत रुपमा जानकारी दिए । उक्त राजदूतावासका अनुसार उनले ओमानी लगानीकर्तालाई नेपालमा उपलब्ध अवसरहरूको खोजी गर्न आग्रह गर्दै नेपाल भारत र चीनजस्ता तीव्र गतिमा विकासोन्मुख दुई ठुला अर्थतन्त्रबिच अवस्थित रहेकाले व्यापार, लगानी र पर्यटनका लागि महत्त्वपूर्ण सेतु बन्न सक्ने बताए ।
कर्पोरेट तथा मुद्दा मामिलासम्बन्धी अधिवक्ता खावला मोहम्मद अल सदुनीले ओमानको श्रम ऐन तथा नियमावलीका व्यावहारिक पक्षका साथै श्रमिक र रोजगारदाताले पालना गर्नुपर्ने कानुनी व्यवस्थाका तथा श्रमसम्बन्धी विवाद समाधानका उपायबारे चर्चा गरेका थिए ।
कार्यक्रममा नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता तथा पर्यटन सम्भावनालाई समेटिएको भिडियो प्रदर्शन गरिएको थियो । सहभागीहरूलाई नेपाल र ओमानबिच व्यापार, लगानी तथा पर्यटन क्षेत्रमा सम्भावित सहकार्य विस्तार गर्न प्रोत्साहित गरिएको थियो ।रासस

# सीमा सुरक्षा, विपद् व्यवस्थापन र राजस्व चुहावट नियन्त्रणमा सशस्त्र महानिरीक्षकको जोड



**काठमाडौं ।**
सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सङ्गठनलाई प्राप्त 'म्याण्डेड' अनुसार सीमा सुरक्षा, विपद् व्यवस्थापन र राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गबाट कार्यसम्पादन भइरहेको बताएका छन् । सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकमा बिहिबार सञ्चारकर्मीसँगको भेटमा उनले मौसमजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरी सरोकारवाला निकायसँग पूर्णसमन्वयका साथ काम प्रारम्भ भइसकेको बताए ।
महानिरीक्षक पौडेलले सीमा सुरक्षालाई विगतभन्दा थप व्यवस्थित बनाउने ढङ्गबाट काम गर्ने प्रयास गरिएको जानकारी दिए । सीमा अपराध नियन्त्रणको सन्दर्भमा जनशक्ति, प्रविधि र परिचालनको चुनौती भोग्नुपरेको उल्लेख गर्दै उहाँले परिणाममुखी कामका लागि सङ्गठन प्रतिबद्ध रहेको बताए । राजस्व चुहावट नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेको जानकारी दिँदै उनले त्यस विषयलाई सङ्गठनले आत्मसात गरेर सरकारको लक्ष्य प्राप्तिमा कटिबद्ध भएर परिचालित भएको बताए ।
सशस्त्र प्रहरीसम्बन्धी कानुन निर्माणका प्रक्रिया अघि बढिरहेको जानकारी दिँदै महानिरीक्षक पौडेलले त्यसबाट कानुनी र नीतिगत स्पष्टता ल्याउने धारणा राखे । उनले आर्थिक सुशासन र पारदर्शीता सरकारको मूल लक्ष्य भएको सन्दर्भमा सङ्गठनभित्रका आर्थिक पारदर्शीता र सुशासनसम्बन्धी गुनासालाई समयमै निराकारण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिएको स्पष्ट पारे ।
आन्तरिक सुरक्षालाई मबजुद बनाउने गरी काम भइरहेको छ, अहिले नयाँ कुरा 'सेटअप' गर्नेभन्दा पनि भइरहेको कुराबाट कसरी उत्कृष्ट नतिजा दिने भनेर हामीले काम गरिरहेका छौँ, महानिरीक्षक पौडेलले भने । सरकार र जनताको अपेक्षा पूरा गर्न सशस्त्र प्रहरी बल क्रियाशील रहेका उनको भनाइ थियो । महानिरीक्षक पौडेलले पछिल्लो समय सङ्गठनको नीति, अनुसन्धान तथा योजना निर्देशनालय गठन गरी सङ्गठनका कार्य जिम्मेवारीलाई विगतभन्दा व्यवस्थितरुपमा अघि बढाउने काम थालिएको जानकारी दिए ।
उनले भने, हाम्रा 'म्यान्डेट' र जिम्मेवारीलाई विगतभन्दा पनि भविष्यमा चाहिँ कसरी उत्कृष्ट बनाउने ? हाम्रा जिम्मेवारीलाई कसरी अगाडि लैजाने ? कसरी सङ्गठनलाई विकास–विस्तार गर्ने र यसका विभिन्न आयाममा अनुसन्धान र योजना निर्माण गर्ने उद्देश्यले काम भइरहेको छ ।सीमा सुरक्षा तथा सीमा नाकालाई व्यवस्थित बनाउन मुख्य नाकामा 'बोर्डर इन्ट्र्याक्सन टिम' (बिआइटी) संयन्त्र गठन गर्न लागिएको जानकारी दिँदै महानिरीक्षक पौडेलले सो संयन्त्रले नाकामा समकक्षी सङ्गठनसँग समन्वय अभिवृद्धिसँगै यात्रुको आवातजावतलाई सहजीकरण गर्ने बताए ।
हाम्रा नाकाहरुबाट दैनिक हजारौँ जनताको आवातजावत हुन्छ, त्यहाँ कसरी सहजीकरण गर्ने, 'काउन्टर पार्ट' सँग पनि समन्वय गर्न सहज होस्, सीमा नाकामा कुनै अप्ठ्यारो नहोस् र गलत क्रियाकलाप नियन्त्रणमा सहयोग पुगोस् भन्ने हेतुले उक्त अवधारणा अघि सारिएको हो, महानिरीक्षक पौडेलले भने, यो अन्तिम चरणमा पुगेको छ, यसलाई 'पाइलट प्रोजेक्ट' का रुपमा केही नाकाहरुमा लागू गर्छौं ।रासस

# नतिजा समयमै प्रकाशन गर्न कुनै हतार गरिएको होइनः मन्त्री पोखरेल



**काठमाडौँ ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राष्ट्रिय परीक्षा बोर्डले नतिजा समयमै प्रकाशन गर्न कुनै हतार नगरेको स्पष्ट पारेका छन् ।
मन्त्री पाखरेलले बिहिबार सामाजिक सञ्जालमा पोस्ट गर्दै आवश्यक जनशक्ति थप गरी तथा अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै सार्वजनिक गरिएको बताएको हो । राष्ट्रिय परीक्षा बोर्डको नतिजा प्रक्रियाप्रति हामी स्पष्ट र विस्वस्त छौँ । नतिजा समयमै प्रकाशन गर्न कुनै हतारो गरिएको हैन, बरु आवश्यक जनशक्ति थप गरी र अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै प्रकाशित गरिएको हो, मन्त्री पोखरेलले उल्लेख गरेका छन् ।
मन्त्री पोखरेलले नतिजासम्बन्धी विषयमा शान्तिपूर्ण रूपमा भइरहेका आन्दोलनप्रति सम्मान व्यक्त गर्दै लोकतान्त्रिक समाजमा नागरिकले आफ्ना धारणा राख्ने अधिकारको सम्मान गरिनुपर्ने बताएका छन् । आन्दोलनरत विद्यार्थी वा कुनै पनि समूहप्रति गालीगलौज, दुव्र्यवहार तथा अपमानजनक टिप्पणी नगर्न उनले सबैमा आग्रह गरेका छन् ।
यसैबीच नतिजा प्रक्रियाबारे उठेका जिज्ञासा र प्रश्नको निष्पक्ष परीक्षणका लागि शिक्षा तथा खेलकुद मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रका उपसचिवको प्रतिनिधित्व रहने समिति गठन गरिएको मन्त्री पोखरेलले जानकारी दिएका छन् । उक्त समितिले उत्तर पुस्तिकाको नमूना परीक्षण गर्नुका साथै परीक्षाङ्क र 'डेटा इन्ट्री'को रुजु गर्नेछ । रासस

# कर्णाली प्रदेशसभा बैठक स्थगित

**कर्णाली ।**
प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को अवरोधपछि कर्णाली प्रदेशसभा बैठक १५ मिनेटका लागि स्थगित भएको छ ।प्रदेशसभाको बिहिबार बसेको बैठकमा नेकपाका सदस्यले अवरोध गरेपछि १५ मिनेटका लागि स्थगित भएको हो ।
बैठक सुरु भएसँगै नेकपा कर्णाली प्रदेशसभा दलका नेता मङ्गलबहादुर शाहीले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि सार्वजनिक गरिएको बजेटमा भएका कमजोरीका विषयमा प्रदेशसभा सदस्यले उठाएका प्रश्नको सरकारले स्पष्ट जवाफ नदिएको धारणा राखे ।
उनले उद्देश्यविहीन र त्रुटीयुक्त बजेटमाथि उठेका प्रश्नको जवाफ नदिई पारित गरिनु सभा र जनताप्रति जवाफदेहिता नहुने बताए ।
बजेट सन्तुलित, समन्यायिक र सामाजिक न्यायमा आधारित नभएको र यससम्बन्धमा सरकारले सुधार नगरुञ्जेल अगाडि बढ्न नदिने भन्दै नेकपाका प्रदेशसभा सदस्यहरूले अवरोज जनाएपछि सभामुख नन्दा गुरुङले १५ मिनेटका लागि बैठक स्थगित गरिएको जानकारी दिइन् ।रासस

# वैदेशिक रोजगारीबाट फर्केका नेपालीको घाँस र कफीखेती



**गुल्मी ।**
वैदेशिक रोजगारीका लागि खाडी मुलुक पुगेका कैयौँ युवाको सपना गाउँ छोडेसँगै विदेशमै सीमित हुने गरेको छ । तर गुल्मीको इस्मा गाउँपालिका–३ का युवा गोकर्ण नेपाली भने विदेशभन्दा स्वदेशको माटोमा ठुलो सम्भावना देख्दै आएका छन् । सात वर्षअघि दुबईको रोजगारी छाडेर गाउँ फर्किएका नेपाली यति बेलाघाँस खेतीसँगसँगै व्यावसायिक कफीखेती गर्न सुरु गरेका छन् ।
मेहिनत गर्ने हो भने खाडी मुलुकभन्दा नेपालका झाडीमै समेत राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिँदै आएका नेपाली पछिल्लो समय घाँस खेतीसँगै उनले कफीको नर्सरी स्थापना गरी बिरुवा उत्पादन गर्न सुरु गरे ।
घाँस उत्पादनबाट राम्रो आम्दानी भए पनि कफीखेतीबाट आफूलाई थप परिचित गराउने विश्वासका साथ उहाँले कफी नर्सरीलाई मुख्य व्यवसायका रूपमा विस्तार गर्न थालेका हुन् ।
नेपालीले यसपटक असार पहिलो सातासम्म नर्सरीबाट ६५ हजार कफीका बिरुवा बिक्री गरिसकेका छन् । ती बिरुवा बिक्रीबाट रु २२ लाखभन्दा बढीको कारोबार भइसकेको छ । उनले उत्पादन भएका कफीका बिरुवा पहिलो पटक जिल्ला बाहिर पठाएका छन् ।
उनले भने, यसवर्ष चार ट्रक बिरुवा बाहिर पठाइसके । आगामी वर्ष २५ ट्रकभन्दा बढी बिरुवा बाहिर पठाउने लक्ष्य लिएको छु । अहिले नर्सरीमा थप १५ हजार कफीका बिरुवा अझै तयारी अवस्थामा छन् ।
यसका अतिरिक्त घाँस, सुन्तला, कागती र टिमुरलगायतका गरी करिब एक लाख बिरुवा नर्सरीमा छन् । ती कफीका बिरुवा लमजुङ, सुर्खेत, कास्की, नुवाकोट, बाग्लुङ, पाल्पालगायत जिल्लामा पुगेका छन् । कृषि ज्ञान केन्द्र, सहकारी संस्था, कृषक समूह तथा व्यक्तिगत किसान उनको फर्ममै पुगेर बिरुवा लैजाने गरेको पाइएको छ ।
नेपालीले करिब १० रोपनी क्षेत्रफलमा कफी नर्सरी विस्तार गरेका छन् । उनले आगामी वर्ष दुई लाख ५० हजारसम्म कफीका बिरुवा उत्पादन गर्ने लक्ष्य लिएका छन् । उनले हाल अरेबिका र कटौरा जातका कफीका बिरुवा उत्पादन गर्दै आएका छन् ।
कफीसँगै उनले १२० रोपनी क्षेत्रफलमा घाँस खेती गर्दै आएका छन् । तीमध्ये ४० रोपनी जग्गा भाडामा लिएका छन् । उनको जग्गामा यति बेला इपिल–इपिल, राइखन्यु, नेपियरलगायत ९५ प्रजातिका घाँस व्यावसायिक रूपमा ४० प्रजातिका घाँसका बिरुवा बिक्री गर्दै आएका छन् ।
नेपालीले 'ग्यालेक्सी कृषि तथा पशुपक्षी फर्म' दर्ता गरी वि.सं. २०७६ देखि सुरुमा ८० हजार लगानीबाट सुरु गरेको घाँस खेतीको हालसम्म भौतिक संरचना निर्माण मात्र ६० लाख लगानी भइसकेको बतासएको छ ।
कफीखेती गर्ने कृषक घट्दै गएको अवस्थामा संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले आफू व्यावसायिक कफीखेतीमा लागेको उनले बताए । नेपालमा कफीको माग बढ्दै गएको अवस्थामा आफुले पनि समय त्यसकोआवश्यकता महसुस गरेर कफी नर्सरी विस्तार गरेको उनको भनाइ छ ।
फर्म सञ्चालनका लागि उनले लुम्बिनी प्रदेश सरकार, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, इस्मा गाउँपालिका, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम र डिभिजन वन कार्यालयलगायत विभिन्न निकायबाट सहयोग प्राप्त गर्दै आएका छन् । उनको फर्ममा आवश्यकता बमोजिम २० जनासम्मले रोजगारी पाउँदै आएका छन् ।
व्यवसाय विस्तारका क्रमम उनले विशेष गरी सडक र सिँचाइको अभाव मुख्य समस्याका रूपमा रहेको बताए । उत्पादन गरिएका बिरुवा ट्रकमा लोड गर्न टाढासम्म लैजानुपर्ने बाध्यता छ, उनले भने, कृषि क्षेत्रमा लगानी र पूर्वाधार अभावका कारण धेरै मेहिनती किसानले चाहेर पनि व्यवसाय विस्तार गर्न नसकेको उनको भनाइ छ ।
विदेशबाट फर्किएर स्वदेशकै माटोमा पसिना बगाउँदै सफलता हासिल गर्दै आएका नेपालीले मेहिनत र लगनशीलता भए स्वदेशमै कृषि व्यवसायमार्फत राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिएका छन् । रासस

# बेलायतः राजाले कर विवरण सार्वजनिक गर्दै



**लन्डन ।**
बेलायती राजतन्त्रमा पारदर्शिता बढाउने प्रयासस्वरूप राजा चाल्र्स तृतीयले आफ्नो व्यक्तिगत कर विवरण सार्वजनिक गर्ने तयारी गरेका छन् । यससँगै उनी व्यक्तिगत कर विवरण सार्वजनिक गर्ने पहिलो बेलायती राजा बन्ने अपेक्षा गरिएको छ ।
यो विवरण बकिङ्घम दरबारले सार्वभौम अनुदानसम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने क्रममा सार्वजनिक गर्ने तयारी गरेको बेलायती सञ्चारमाध्यमहरूले जनाएका छन् । सार्वभौम अनुदानमार्फत बेलायती करदाताले राजतन्त्रका गतिविधिहरूका लागि आर्थिक सहयोग गर्दै आएका छन् । गत वर्ष दरबारले आठ करोड ६३ लाख पाउन्ड खर्चको विस्तृत विवरणसहित १५९ पृष्ठको प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनमा दरबारको नवीकरण खर्चसमेत समावेश थियो ।
राजा चाल्र्सले वेल्सका राजकुमार रहँदा आफ्नो व्यक्तिगत आम्दानीमा तिरेको करबारे जानकारी सार्वजनिक गर्ने गरेका थिए । तर सन् २०२२ मा रानी एलिजाबेथ द्वितीयको निधनपछि सिंहासनमा आरोहण गरेयता उनले पहिलो पटक राजाको हैसियतमा यस्तो विवरण सार्वजनिक गर्न लागेका हुन् । वेल्सका राजकुमार विलियमले पनि आफ्नो वित्तीय विवरण सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।
राजपरिवारका सदस्य एन्ड्रयु माउन्टब्याटन–विन्डसरसँग सम्बन्धित विवादपछि राजतन्त्रको आर्थिक तथा प्रशासनिक गतिविधिमा थप पारदर्शिता आवश्यक रहेको माग बेलायतमा बढ्दै गएको छ । राजाका कान्छा भाइ एन्ड्रयु सार्वजनिक पदको दुरुपयोगसम्बन्धी आरोपको अनुसन्धानमा छन् । उनलाई शाही सम्पत्तिबाट बाहिरिन बाध्य पारिएको थियो ।
दरबार निकट स्रोतहरूका अनुसार राजा चाल्र्सले राजतन्त्रप्रति जनविश्वास बढाउने तथा जवाफदेहिता सुदृढ गर्ने उद्देश्यले व्यक्तिगत रूपमा कर विवरण सार्वजनिक गर्ने निर्णय गरेका हुन् । आधुनिक लोकतन्त्रमा राजतन्त्रको भूमिकामाथि उठिरहेका प्रश्नका बीच उनले लामो समयदेखि राजसंस्थालाई सानो, कम खर्चिलो र उत्तरदायी बनाउने प्रयास गरिरहेका छन् ।
राजा चाल्र्सको व्यक्तिगत सम्पत्ति करिब ६८ करोड पाउन्ड रहेको अनुमान गरिएको छ । बेलायतका धनी व्यक्तिहरूको सूचीमा उनी शीर्ष २५० भित्र पर्छन् । कानूनी रूपमा राजालाई आयकर तिर्नुपर्ने बाध्यता नभए पनि उनले आफ्नो निजी आम्दानीमा स्वेच्छिक रूपमा कर तिर्दै आएका छन् । सन् १९९३ मा विन्डसर क्यासलमा लागेको आगलागीपछि सार्वजनिक दबाब बढेपछि रानी एलिजाबेथ द्वितीयले पनि स्वेच्छिक रूपमा कर तिर्न सुरु गरेका थिए ।
राजाले सार्वजनिक गर्ने विवरण निजी आम्दानीसँग सम्बन्धित हुने जनाइएको छ । उनको आम्दानीको मुख्य स्रोत स्कटल्यान्डस्थित बालमोरल र इङ्ग्ल्यान्डको स्यान्ड्रिङ्घम एस्टेट, बचत तथा लगानी हुन् । बालमोरलमा करिब ५० हजार एकड जमिन रहेको छ भने स्यान्ड्रिङ्घममा करिब २० हजार एकड क्षेत्रफल फैलिएको छ । यी दुवै सम्पत्तिका केही भाग सर्वसाधारणका लागि खुला छन् र पर्यटन तथा कृषि गतिविधिबाट पनि आम्दानी हुने गर्दछ ।
यद्यपि सार्वभौम अनुदान तथा आधिकारिक जिम्मेवारी पूरा गर्न प्रयोग हुने आम्दानीमा राजाले कर तिर्नु पर्दैन । राजकुमार विलियमको मुख्य निजी आम्दानी डची अफ कर्नवालबाट प्राप्त हुने गर्दछ । करिब एक लाख ३० हजार एकड क्षेत्रफलमा फैलिएको उक्त सम्पत्तिले गत वर्ष दुई करोड २९ लाख पाउन्ड नाफा गरेको जनाएको थियो ।
राजा चाल्र्सको कर विवरण सार्वजनिक गर्ने निर्णयलाई बेलायती राजतन्त्रलाई थप पारदर्शी र उत्तरदायी बनाउने प्रयासका रूपमा हेरिएको छ । रासस

# भेनेजुएलामा शक्तिशाली भूकम्प



काराकास ।
भेनेजुएलामा बुधबार साँझ एक मिनेटको अन्तरमा आएका ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्पले देशका विभिन्न भागमा व्यापक क्षति पु¥याएका छन् । राजधानी काराकाससहित धेरै सहरमा भवनहरू हल्लिएका, केही संरचनाहरू भत्किएका तथा हजारौँ मानिस घरबाट बाहिर निस्कन बाध्य भएका छन् । अधिकारीहरूले आपत्कालीन अवस्था घोषणा गर्दै उद्धार तथा राहत अभियान तीव्र बनाएका छन् ।
भूकम्पपछि राष्ट्रका नाममा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिग्जले धेरै राज्यहरू प्रभावित भएको जानकारी दिएका छान । उनले क्षतिग्रस्त घर तथा भवनहरूको यकिन विवरण, घाइते वा मृत्युको आधिकारिक सङ्ख्या भने सार्वजनिक गर्नुभएको छैन । सरकारले नागरिकहरूलाई शान्त रहन, एकताबद्ध हुन तथा सरकारी निकायहरूसँग समन्वय गर्न आग्रह गरेको छ ।
रोड्रिग्जका अनुसार देशको मुख्य हवाई प्रवेशद्वार सिमोन बोलिभर अन्तर्राष्ट्रिय विमानस्थलमा समेत क्षति पुगेको छ । क्षतिको गम्भीरताका कारण विमानस्थल बन्द गरिएको छ भने विद्यालयका कक्षाहरू केही दिनका लागि स्थगित गरिएका छन् । शिक्षा मन्त्रालयले केही विद्यालयलाई अस्थायी आश्रयस्थल र राहत वितरण केन्द्रका रूपमा प्रयोग गरिने जनाएको छ । स्वास्थ्यकर्मीहरूलाई अस्पतालमा उपस्थित भएर घाइतेहरूको उपचारमा सहयोग गर्न सरकारले आह्वान गरेको छ । तटीय फाल्कन राज्यका गभर्नर भिक्टर क्लार्कका अनुसार कम्तीमा ३२ जना अस्पतालमा भर्ना भएका छन् भने भूकम्प गएको चार घण्टापछि पनि १५ जना भग्नावशेषमा फसेका थिए ।
अमेरिकी भूगर्भ सर्वेक्षणले पहिलो भूकम्पको तीव्रता सुरुमा ७.१ मापन गरे पनि पछि ७.२ मा संशोधन गरेको थियो । यसको केन्द्र काराकासबाट करिब १६८ किलोमिटर पश्चिममा क्यारिबियन तटीय क्षेत्रको मोरोन समुदाय नजिक रहेको थियो । २२ किलोमिटर गहिराइमा गएको पहिलो भूकम्पपछि एक मिनेटमै ७.५ म्याग्निच्युडको दोस्रो भूकम्प आएको थियो । दोस्रो भूकम्पको केन्द्र मोरोनबाट १६ किलोमिटर दक्षिणपश्चिममा तथा १० किलोमिटर गहिराइमा रहेको जनाइएको छ ।
एक शताब्दीभन्दा बढी अवधिमा भेनेजुएलामा महसुस गरिएका सबैभन्दा शक्तिशाली भूकम्पमध्ये यी दुईलाई मानिएको छ । स्थानीय समयअनुसार साँझ ६ बजेपछि आएका ती भूकम्पका कारण राजधानी काराकासका मानिसहरू घर, कार्यालय र व्यापारिक भवनबाट बाहिर निस्किएका थिए । कतिपय क्षेत्रमा पर्खालहरू भत्किएका, सडकमा सामान छरिएका र धुलोका मुस्लाहरू उडेको देखिएको थियो ।
सूर्यास्तपछि पनि हजारौँ मानिसहरू सडक, खुला स्थान तथा पार्कमा बसेका थिए । धेरैले आफ्ना घरपालुवा जनावरलाई साथमा लिएर खुला स्थानमा रात बिताएका थिए । कतिपय सडकहरूमा ढलेका संरचना, बिजुलीका खम्बा र भग्नावशेषले आवागमन अवरुद्ध बनाएको थियो । राजधानीका केही क्षेत्रमा विद्युत् सेवा तथा मोबाइल सञ्जालसमेत अवरुद्ध भएको छ ।
काराकास निवासी हेक्टर रिक्वीले सुरुमा हल्का कम्पन महसुस भए पनि केही क्षणमै भूकम्प अत्यन्त शक्तिशाली बनेको बताउनुभयो । उहाँका अनुसार सबै मानिस घरबाट बाहिर निस्केर खुला स्थानमा भेला हुन बाध्य भएका थिए ।
सरकारले राजधानीमा मेट्रो सेवा तथा प्राकृतिक ग्यास आपूर्ति अस्थायी रूपमा बन्द गरेको छ । नागरिकहरूलाई सरकारी मोबाइल एपमार्फत आफ्नो क्षेत्रको क्षति विवरण उपलब्ध गराउन पनि आग्रह गरिएको छ ।
मोबाइल सञ्जाल अवरुद्ध हुँदा देशबाहिर रहेका लाखौँ भेनेजुएलीहरूमा आफ्ना परिवारसँग सम्पर्क गर्न नसक्दा चिन्ता बढेको छ । विदेशमा निर्वासनमा रहेकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले सामाजिक सञ्जालमार्फत देशवासीलाई धैर्य र एकताको सन्देश दिएको छ ।
गृहमन्त्री डिओसडाडो क्याबेलोले भूकम्प धेरै राज्यहरूमा महसुस गरिएको बताउँदै केही स्थानमा भवन र घरहरूमा गम्भीर क्षति पुगेको जानकारी दिएका छन् । उनले आपत्कालीन सवारीसाधनलाई प्राथमिकता दिन तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरेका छन् । सम्भावित परकम्पका कारण नागरिकहरूलाई खुला स्थानमा बस्न पनि सुझाव दिइएको छ ।
काराकास निवासी रोबर्टो गामासले भवन एक छेउबाट अर्को छेउसम्म अत्यन्त तीव्र रूपमा हल्लिएको बताउनुभयो । उहाँका अनुसार भूकम्पको शक्तिशाली धक्काले घरभित्रका सामानहरू खसेका थिए र मानिसहरूलाई सुरक्षित रूपमा बाहिर निस्कन निकै कठिन भएको थियो ।
भूकम्पपछि अन्तर्राष्ट्रिय समुदायबाट पनि सहानुभूति र सहयोगका प्रस्ताव आएका छन् । संयुक्त राज्य अमेरिका, चिली, एल साल्भाडोर तथा इक्वेडरले आवश्यक मानवीय सहायता उपलब्ध गराउन तत्पर रहेको जनाएका छन् । अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर लान्डाउले भेनेजुएली जनतासँग अमेरिका एकताबद्ध रहेको बताउनुभएको छ । एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले पनि सामाजिक सञ्जालमार्फत सहानुभूति व्यक्त गर्दै सहयोगको प्रस्ताव गरेको छ । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले तत्काल मानवीय सहायता पठाउन निर्देशन दिएको जानकारी दिएका छन् ।
भूकम्पको प्रभाव छिमेकी देशहरूमा समेत महसुस गरिएको छ । ब्राजिलको अमेजन क्षेत्रका मनाउस, बेलेम र मकापा सहरमा भवनहरू खाली गराइएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।
कोलम्बियाको क्यारिबियन तथा उत्तरपूर्वी क्षेत्रमा पनि कम्पन महसुस गरिएको भए पनि त्यहाँ क्षति वा मानवीय हानि भएको विवरण प्राप्त भएको छैन ।
प्रशान्त सुनामी चेतावनी केन्द्रले भूकम्पपछि केही समयका लागि सुनामीसम्बन्धी चेतावनी जारी गरे पनि पछि ती चेतावनीहरू फिर्ता लिइएको जनाएको छ । भेनेजुएलामा यस्ता शक्तिशाली भूकम्प कमै आउने भए पनि देश दक्षिण अमेरिकी र क्यारिबियन टेक्टोनिक प्लेटको सीमाक्षेत्र नजिक अवस्थित छ । यद्यपि मेक्सिको र चिलीजस्ता प्रशान्त तटीय राष्ट्रहरूको तुलनामा यहाँ ठूलो भूकम्प कम हुने गर्छ । वैज्ञानिकहरूका अनुसार विश्वका करिब ९० प्रतिशत भूकम्प हुने 'रिङ अफ फायर' क्षेत्रमा पर्ने देशहरूमा यस्ता घटनाहरू बढी दोहोरिने गरेका छन् । रासस

## विश्वकप फुटबलः

# ब्राजिल र मोरक्को नकआउट चरणमा प्रवेश



**काठमाठौँ ।**
ब्राजिलले स्कटल्यान्ड र मोरक्कोले हाइटीलाई पराजित गर्दै फिफा विश्वकप फुटबल २०२६ को नकआउट चरणमा प्रवेश गरेका छन् ।
समूह 'सी' अन्तर्गत मियामी स्टेडियममा बिहीबार भएको खेलमा ब्राजिलले स्कटल्यान्डलाई ३–० ले हराउँदै समूह विजेताका रूपमा नकआउट चरणमा प्रवेश गरेको हो । तीन खेलमा ब्राजिलको ७ अंक छ । समान ७ अंक रहेको मोरक्को हेड टु हेड अनुसार उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो । एटलान्टा स्टेडियममा आजै भएको खेलमा मोरक्कोले हाइटीलाई ४–२ ले पराजित गरेको थियो ।
स्कटल्यान्डमाथि सहज जित निकाल्दा ब्राजिलका भिनिसियस जुनियरले दुई गोल गरे भने मथेउस कुन्हाले एक गोल थपे । भिनिसियसले खेलको सातौं मिनेटमा गोल गर्दै ब्राजिलाई पहिलो अग्रता दिलाए ।
त्यस्तै भिनिसियसले खेलको पहिलो हाफको अतिरिक्त समयमा गोल गर्दै ब्राजिलको अग्रता दोब्बर बनाए । खेलको ६०औं मिनेटमा कुन्हाले गोल गर्दै बाज्रिलको अग्रता तेब्बर बनाए ।
त्यसपछि खेलमा थप गोल हुन सकेन र ब्राजिलको जित सुनिश्चित भयो । यससँगै समूह 'सी' बाट स्कटल्यान्ड र हाइटी विश्वककपबाट बाहिरिएका छन् । रासस

# विपी राजमार्गमा पुनर्निर्मित 'ट्र्याक'बाट यातायात सञ्चालनको तयारी



**काभ्रेपलाञ्चोक ।**
पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त विपी राजमार्गको काभ्रेपलाञ्चोक–सिन्धुली खण्डमा स्थायी रुपमा थालिएको पुनर्निर्माणकार्यसँगै अबको केही दिनमै पुनर्निर्मित ट्र्याकबाटै सवारी आवागमनको तयारी भइरहेको छ । यसका लागि पछिल्ला केही महिनादेखि पुनर्निर्माणलाई तीव्रता दिइँदै आइएको हो ।

पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीको रुपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त क्षेत्रको अधिकांश स्थानमा ग्राभेलसम्मको काम तथा केही स्थानमा भने बर्षाका ठूला ढुङ्गा राखेर सडक तयार गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

वर्षायामलाई मध्यनजर गर्दै पुरानै सडकमा खोलिएको ट्र्यायकबाट असार दोस्रो साताअर्थात् केही दिनमै सवारीसाधन सञ्चालन गर्नेगरी तयारी भइरहेको कार्यालयका प्रमुख सुमन योगेशले बताए । उनका अनुसार हाल पनि चार स्थानमा माथिबाट गाडी सञ्चालन गर्नसक्ने अवस्थामा छ भने तत्कालै पनि बाढी आयो भने माथिबाटै चलाउन सुरु गर्न सकिनेछ । बाढीपपहिरोले राजमार्गको सडक क्षतिग्रस्त बनाएपछि हाल रोशी खोलामा अस्थायी डाइभर्सन बनाएर सवारी आवागमन गराउँदै आइएको छ ।

चारसयबैँसी, बोक्सीकुना, कालढुङ्गा र डालाबैँसीको एउटा खण्ड तयार भइसकेको योगेशको भनाइ छ । 'यीबाहेक अन्य क्षेत्रका डाइभर्सनमा समस्या आए अब गाडी रोकिने अवस्था देखिँदैन,' उनले भने । विसं २०८१ असोजको बाढीपहिरोले राजमार्गअन्तर्गत भकुन्डेबैँसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पु¥याएको थियो । त्यसपछि पटकपटकका वर्षाले सवारी सञ्चालन गर्न रोशी खोलामा अस्थायी रुपमा बनाइएको डाइभर्सन पनि बाढीले बगाउने गरेको थियो । हाल वर्षायामअघि सात मिटर उचाइसम्म सडक बनाएर ग्राभेल राख्न थालिएको छ भने वर्षापछि खोलाबाट करिब १० मिटर उचाइसम्म सडक बनाएर कालोपत्रे गरिने जनाइएको छ ।

कतिपय स्थानमा आरसिसी वालको फाउण्डेसन पूरा भई अन्य काम भइरहेको छ भने ट्र्याक निर्माण भएका सडकमा ग्राभेल हालेर सवारीसाधन सञ्चालनमा ल्याइने योगेशले बताए । उनका अनुसार अहिलेसम्म असार १५ गतेदेखिनै नयाँ ट्र्याकबाट आवागमनको तयारी भइरहेको छ । उक्त क्षेत्रमा भने आउँदो आर्थिक वर्षमा कालोपत्रको काम थालिने योगेशको भनाइ छ ।

क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किलोमिटर सडक निर्माणको काम जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गरिरहेको छ । जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठूला ढुङ्गा) राख्ने काम भइरहेको जनाइएको छ । वर्षाका बेला भने यस खण्डमा खोलाबाट सवारीसाधन चलाउनुपर्ने अवस्था नभएको योगेशले बताए । राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरी कामअघि बढाइएको हो ।

सम्भावित जोखिम तथा निर्माणकार्यलाई मध्यनजर गर्दै हाल पनि साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म रातको समयमा आवागमनमा भने रोक लगाइएको छ । यसअघि रोशी खोलामा बाढी आउनेबित्तिकै अस्थायी डाइभर्सन बगाउँदा राजमार्ग अवरुद्ध हुँदै आएको छ ।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । 'पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई समेत दुई लेनको निर्माण गरिनेछ,' योगेशले भने । उनका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबैँसीदेखि चारसयबैँसीसम्म आठ दशमलव पाँच किमी सडक पुनर्निर्माणका लागि खानी–एवन–कमलजीत जेभीले एक अर्ब ४२ करोड ३७ लाख रुपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का दिइएको छ । यस्तै चारसयबैँसीदेखि भकुन्डेबैँसीसम्मको ११ दशमलव ०८ किमी सडक पुनर्निर्माणका लागि लामा–नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रुपैयाँ, नेपालथोकदेखि बर्खेखोलासम्म चार दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि ६१ करोड रुपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुङ्गा–घिसिङ–क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको छ । क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किमी सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रुपैयाँ बराबरको अनुदान उपलब्ध गराउने समझदारी भएको हो । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आव २०५३–५४ बाट विपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास १ सय ६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।




किसानलाई वितरण गर्न राखिएको हाते ट्र्याक्टरः गुल्मीको मुसिकोट नगरपालिकाले कृषकलाई ७५ प्रतिशत अनुदानमा वितरण गर्न राखिएको हाते ट्र्याक्टर । नगरपालिकाले ९० जनालाई कुटानीपिसानी मिल र हाते ट्र्याक्टर वितरण गरेको छ । तस्बिरः रासस

# मनसुन प्रतिकार्यका लागि ५४ स्थानमा सशस्त्रका अस्थायी वेश

**काठमाडौँ ।**
सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद् प्रतिकार्यका लागि देशका विभन्न ५४ स्थानमा अस्थायी मनसुन प्रतिकार्य वेश स्थापना गरेको छ ।

सशस्त्र प्रहरीका कार्यालयबाट विपद् उद्धारमा परिचालन हुन समय लाग्ने विपद्जन्य स्थानको पहिचान गरी अस्थायी वेश स्थापना गरिएको हो । त्यसअनुसार कोशी प्रदेशमा छ, मधेशमा ११, बागमतीमा १६, गण्डकीमा चार, लुम्बिनीमा सात, कर्णालीमा दुई र सुदूरपश्चिम प्रदेशमा आठ वटा अस्थायी वेस स्थापना भएका छन् ।

सशस्त्र प्रहरीले हिमाल, पहाड र तराईका १६ स्थानमा विपद् व्यवस्थापन वेश स्थापना गरी आवश्यक जनशक्ति र स्रोतसाधनलाई तयारी अवस्थामा राखेको छ । धनकुटा, सुनसरी, बारा, सप्तरी, धादिङ, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, म्याग्दी, गोरखा, दाङ, सुर्खेत, जुम्ला, डडेल्धुरा, डोटी र कैलालीमा स्थायी वेस स्थापना गरिसकेको छ ।

'यी स्थायी कार्यालय हुन, जुन वर्षैभरि रहन्छन्,' सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले भने, 'उपलब्ध स्रोत र साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्नेगरी योजना बनेका छन् ।'

यसवर्षको मनसुनजन्य विपद्सँग जुध्नका लागि आठ हजार एक सय ८० सशस्त्र प्रहरी कर्मचारीलाई २४ सै घन्टा तयारी अवस्थामा राखिएको जानकारी दिँदै उनले यही असार मसान्तसम्म सम्पूर्ण सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन अनुशिक्षण तालिम प्रदान गरिने बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यसवर्षको मनुसनमा सरदरभन्दा कम वर्षाको आँकल गरिए पनि मनसुनजन्य विपद्बाट देशभर करिब ५१ हजार आठ सय ८६ घरधुरीका करिब दुई लाख २६ हजार ६ सय ६१ जनसंख्या प्रभावित हुने जनाएको छ । प्राधिकरणका अनुसार कोशीमा ३८ हजार सात सय ३६, मधेशमा ३५ हजार ३६१, बागमतीमा ३२ हजार ८९७, गण्डकीमा २१ हजार ६४१, लुम्बिनीमा ५१ हजार ६२६, कर्णालीमा १३ हजार १७५ र सुदूरपश्चिम प्रदेशमा ३३ हजार २२७ जनसङ्ख्या प्रभावित हुने अनुमान छ ।

बाढी तथा डुबानबाट प्रभावितलाई उद्धार गर्न सशस्त्र प्रहरीसँग रहेका ८२ वटा '¥याफ्ट बोट' र ५३ वटा 'मोटर बोट' तथा विशिष्टकृत तालिमप्राप्त चार हजार ७१० जना दक्ष सशस्त्र प्रहरी र १३४ गोताखोर तालिमप्राप्त जनशक्तिलाई देशभर ११ वटा जोखिमयुक्त स्थानमा आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएको प्रवक्ता कार्कीले जानकारी दिए ।

**एक लाख ६८ हजार रहेको विपद् सूचक सञ्जाल तयार**

सशस्त्र प्रहरीले विपद्सम्बन्धी सूचना समयमै प्राप्त गर्ने उद्देश्यले एक लाख ६८ हजार ९ सय ५६ जना विपद् सूचक रहेको सञ्जाल तयार पारेको छ । ती सूचकले आफू नजिकको स्थानमा विपद् भएको अवस्थामा तत्कालै नजिकको सशस्त्र प्रहरीको युनिटमा सूचना दिनेछन् ।

सशस्त्र प्रहरीले विपद्का समयमा उद्धारका लागि सूचना प्रवाह गर्न सहज होस् भन्ने उद्देश्यले 'एपिएफ–कम्युनिटी अलर्ट सिस्टम' (एपिएफ–सिएएस) प्रणाली सञ्चालनमा ल्याएको छ । सो प्रणालीबाट हरेक बाहिनी तहमा रहेको परिचालन कक्षमा तत्काल सूचना प्राप्त हुने र शीघ्र परिचालनका लागि आदेश दिइने प्रवक्ता कार्कीले जानकारी दिए । रासस

# मानव–वन्यजन्तु द्वन्द्व रोक्न वृक्षरोपण अभियान

**झापा ।**
वन क्षेत्रको न्यून विस्तार, तीव्र जनसंख्या वृद्धि र बढ्दो बसाइँसराइका कारण झापामा मानव–वन्यजन्तु द्वन्द्व चुनौतीपूर्ण बन्दै गएको छ । यही अवस्थालाई मध्यनजर गर्दै डिभिजन वन कार्यालय झापाले चालू आर्थिक वर्षमा वृक्षरोपणलाई उच्च प्राथमिकतामा राख्दै सामुदायिक वनसँगको सहकार्यमा खाली जमिनमा व्यापक रूपमा बिरुवा रोप्ने योजना अघि बढाएको छ ।

पूर्वी तराईको सबैभन्दा बढी जनघनत्व भएको जिल्ला झापाको कूल क्षेत्रफल एक हजार ६०६ वर्ग किलोमिटर रहेको छ । तर वन क्षेत्र भने १८ हजार ६५ हेक्टरमा मात्र सीमित छ । यो जिल्लाको कूल भूभागको ११.२४ प्रतिशत हो । वन क्षेत्रको यो अनुपात राष्ट्रिय औसतभन्दा कम रहेको छ । आन्तरिक बसाइँसराइका कारण यहाँको जनसंख्याको चाप निरन्तर बढिरहेको छ । बढ्दो बस्ती विस्तारका कारण वन क्षेत्रमाथिको दबाब बढ्दै जाँदा वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै गएको छ । यसको प्रत्यक्ष असर मानव र वन्यजन्तुबीच हुने द्वन्द्वमा देखिन थालेको छ ।

नेपाल सरकारले सन् २०३० सम्म वन विनाशलाई शून्यमा झार्ने तथा देशको वन क्षेत्र ५० प्रतिशत पु¥याउने लक्ष्य लिएको छ । डिभिजन वन कार्यालय झापाका वन अधिकृत रामभक्त यादवका अनुसार हाल देशको वन क्षेत्र ४६ प्रतिशत नाघेको छ । तर झापाको भौगोलिक अवस्था, सीमित वन क्षेत्र र तीव्र शहरीकरणका कारण उक्त राष्ट्रिय लक्ष्य हासिल गर्न चुनौतीपूर्ण देखिएको छ ।

वन अधिकृत यादवका अनुसार मानव–वन्यजन्तु द्वन्द्व कम गर्दै हरियाली विस्तार गर्ने उद्देश्यले यस वर्ष करिब ५० हेक्टर खाली जमिनमा वृक्षरोपण गरिनेछ । यो कार्यक्रम सामुदायिक वन उपभोक्ता समूहसँगको समन्वयमा सञ्चालन हुनेछ । उनका अनुसार राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत १५ हेक्टर क्षेत्रमा तारबारसहित वृक्षरोपण गरिनेछ । त्यसैगरी नमूना वृक्षरोपण कार्यक्रममार्फत २० हेक्टर, प्रदेश सरकारको वन विकास तथा जडीबुटी प्रवद्र्धन कार्यक्रमअन्तर्गत चार हेक्टर तथा कृषि वन प्रवद्र्धन कार्यक्रममार्फत थप चार हेक्टर क्षेत्रमा बिरुवा रोपिनेछ ।

वृक्षरोपण कार्यक्रमलाई प्रभावकारी बनाउन जिल्लाका पाँच स्थानमा नर्सरी सञ्चालन गरिएको वन अधिकृत यादवले बताए । डिभिजन वन कार्यालय चन्द्रगढी, मेची बहुवन उपडिभिजन, जलथल उपडिभिजन रङ्गियाडाँडा, दमक उपडिभिजन झिलझिले तथा कन्काई उपडिभिजन सुरुङ्गास्थित नर्सरीमा विभिन्न प्रजातिका करिब दुई लाख बिरुवा उत्पादन गरिएको उनले जानकारी दिए । यसका साथै वन कार्यालयले करिब १० लाख रुपैयाँ बराबरका बाँसका बिरुवा र करिब १० लाख रुपैयाँ बराबरका फलफूलका बिरुवा खरिद गरी निःशुल्क वितरण गर्ने तयारी छ ।

विशेषगरी जङ्गली हात्तीको आवतजावत हुने क्षेत्रमा बाँसका बिरुवा रोप्न प्रोत्साहन गरिनेछ । यसले हात्तीको प्राकृतिक आहार र आवरणको व्यवस्थापनमा सहयोग पुग्ने विश्वास गरिएको छ । वन अधिकृत यादवका अनुसार यस वर्ष पहिलोपटक श्रीखण्डका बिरुवासमेत वितरण गरिनेछ । आर्थिक तथा वातावरणीय दुवै हिसाबले महत्वपूर्ण मानिने श्रीखण्डको प्रवद्र्धनले स्थानीय समुदायलाई दीर्घकालीन रुपमा आम्दानीको अवसर सिर्जना गर्नुका साथै वनको जैविक विविधता संरक्षणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

वन क्षेत्र विस्तारसँगै वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण, वातावरणीय सन्तुलन कायम गर्ने तथा मानव–वन्यजन्तु द्वन्द्व कम गर्ने उद्देश्यले अघि बढाइएको वृक्षरोपण अभियानलाई झापामा दीर्घकालीन वातावरण संरक्षणको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ । रासस

# कास्कीको स्थानीयतहको बजेट नौ अर्ब ७१ करोड

**कास्की ।**
जिल्लाका पाँचवटै स्थानीय तहले निर्धारित समय असार १० गतेभित्र वार्षिक नीति कार्यक्रम तथा बजेट सार्वजनिक गरेका छन् ।

आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि पोखरा महानगरपालिका र मादी, माछापुच्छ«े, अन्नपूर्ण र रुपासहित चार गाउँपालिकाले कूल नौ अर्ब ७१ करोड ७२ लाख २१ हजारको बजेट सार्वजनिक गरेका हुन् ।

कृषि, पर्यटन, पूर्वाधार विकास र रोजगारी सिर्जनालाई बजेटमा प्राथमिकता दिइएको छ । भौगोलिक रुपमा देशकै सवैभन्दा ठूलो रहेको पोखरा महानगरपालिकाले आगामी वर्षका लागि सात अर्ब १५ करोड २५ लाख रुपैयाँ बजेट ल्याएको छ । चालु आवको तुलनामा महानगरको बजेट करिब एक अर्ब २० करोड रुपैयाँ हाराहारीले घटेको छ ।

महानगरको बजेटका स्रोतहरुमा सङ्घीय सरकार सशर्त अनुदानबाट दुई अर्ब ६१ करोड ९१ लाख, विशेष अनुदान पाँच करोड ५० लाख रुपैयाँ, समपूरक अनुदान एक करोड ८२ लाख रुपैयाँ र सङ्घीय सरकार समानिकरण अनुदान ४९ करोड ३७ लाख रुपैयाँ रहेको छ ।

यसैगरी, गण्डकी प्रदेश सरकार समपूरक अनुदानतर्फ ६० लाख रुपैयाँ, विशेष अनुदान र ४० लाख र समानिकरण अनुदान आठ करोड १५ लाख ३६ हजार रुपैयाँ अनुमान गरिएको उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिइन् ।

राजस्व बाँडफाँटबापत सङ्घीय सरकारबाट ३४ करोड ३४ लाख ७३ हजार रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट चार करोड नौ लाख ८६ हजार रुपैयाँ, राजस्व बाँडफाँट स्थानीय सरकारतर्फ एक अर्ब ३१ लाख १४ हजार रुपैयाँ र आन्तरिक स्रोततर्फ दुई अर्ब ४८ करोड ७३ लाख ९१ हजार रुपैयाँ गरी कूल आन्तरिक आय तीन अर्ब ८७ करोड ४९ लाख ६४ हजार रुपैयाँ अनुमान गरिएको छ ।

महानगरले पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

स्मार्टसिटी अवधारणाअनुसार डिजिटल सेवा विस्तार, सडक स्तरोन्नति, ताल संरक्षण, उद्यमशीलता प्रवद्र्धन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिने उपप्रमुख गुरुङले बताइन् ।

अन्नपूर्ण गाउँपालिकाले आगामी वर्षका लागि ६५ करोड ५० लाख रुपैयाँ बजेट ल्याएको छ । 'कृषि, पर्यटन, ऊर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार' भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गर्दै गाउँपालिकाले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, पर्यटन पूर्वाधार निर्माण तथा डिजिटल सेवा विस्तारलाई प्राथमिकतामा राखेको उपाध्यक्ष चन्द्रकला अधिकारीले बताए ।

गाउँपालिकाले कृषिमा आत्मनिर्भरता हासिल गर्दै उत्पादनलाई निर्यातमुखी बनाउने, युवालाई उद्यमशीलतामा आकर्षित गर्ने, ई–गभर्नेन्स र अनलाइन सेवा विस्तार गर्ने तथा आन्तरिक र बाह्य पर्यटक भिल्याउने कार्यक्रम अघि सारेको छ । साथै 'आफ्नो टोल–वडा, हामी आफैं बनाऔँ' अभियानमार्फत स्थानीय सहभागितामा विकासलाई तीव्रता दिने लक्ष्य लिएको छ ।

माछापुच्छे« गाउँपालिकाले ७० करोड ४६ लाख ७० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

गाउँपालिकाले पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा अघि बढाएको छ । विभिन्न पर्यटकीय पदमार्ग निर्माण, पर्यटकीय गन्तव्यमा सूचना प्रणाली विकास, पर्यटन आपत्कालीन खोज तथा उद्धार जनशक्ति उत्पादन, पदमार्ग स्तरोन्नति तथा धार्मिक–सांस्कृतिक स्थलको संरक्षणलाई विशेष महत्व दिइएको उपाध्यक्ष सीता अधिकारीले बताए ।

यसैगरी कृषितर्फ उन्नत बीउबिजन, निर्यातमुखी बाली, जलवायुमैत्री कृषि तथा रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालन गरिने भएको छ । पशु स्वास्थ्य, जैविक सुरक्षा तथा कृषक प्रोत्साहन कार्यक्रमलाई समेत बजेटमा समेटिएको छ ।

मादी गाउँपालिकाले आगामी आवका लागि ६५ करोड १२ लाख ५१ हजार रुपैयाँ बजेट ल्याएको छ ।

गाउँपालिकाले ग्रामीण सडक सुदृढीकरण, खानेपानी, सिँचाइ तथा अन्य आधारभूत पूर्वाधार निर्माणसहित कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सुशासनलाई प्राथमिकतामा राखिएको छ ।

प्रस्तावित बजेटमध्ये पुँजीगततर्फ १८ करोड १४ लाख ९० हजार रुपैयाँ र चालुतर्फ ४६ करोड ९७ लाख ६१ हजार रुपैयाँ विनियोजन गरिएको छ । बजेटले 'समृद्ध र आत्मनिर्भर मादी' निर्माणको लक्ष्यलाई केन्द्रमा राख्दै स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्ने नीति लिएको छ ।

गाउँपालिकाले आगामी वर्ष कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ ।

व्यावसायिक कृषि प्रवद्र्धन, मौरीपालन, तरकारी, फलफूल, बीउ उत्पादन, बगरखेती, रैथाने बाली संरक्षण, साना सिँचाइ आयोजना तथा आधुनिक कृषि उपकरणमा अनुदान उपलब्ध गराइने भएको छ । कृषि तथा पशुपालन प्रवद्र्धन, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार, सूचना प्रविधिमैत्री सेवा प्रवाह तथा विपद् व्यवस्थापनका कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको उपाध्यक्ष कल्पना गुरुङले बताए ।

यसैगरी बाँझो जमिनको उपयोग, मौरीपालन प्रवद्र्धन, आधुनिक कृषि औजारमा अनुदान तथा स्थानीय रैथाने बीउ संरक्षण कार्यक्रमलाई विशेष महत्व दिइएको छ । रूपा गाउँपालिकाले ५५ करोड ३८ लाख एक हजार रुपैयाँ बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाले कृषि, ऊर्जा र पर्यटनलाई आर्थिक विकासको मुख्य आधार मानेर बजेट विनियोजन गरेको उपाध्यक्ष लालसुब्बा गुरुङले बताए ।

उनका अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रम, कृषक प्रोत्साहन, पर्यटन पूर्वाधार निर्माण, विपद् व्यवस्थापन कोष सुदृढीकरण तथा आन्तरिक राजस्व वृद्धि कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

फोहरमैला व्यवस्थापन, सुरक्षित नागरिक आवास कार्यक्रम, सामाजिक तथा भौतिक पूर्वाधार विस्तार र सुशासन प्रवद्र्धनका कार्यक्रम पनि बजेटमा समेटिएका छन् । जिल्लाका स्थानीय सरकारहरुले बजेटमा कृषि, पर्यटन र पूर्वाधार विकास साझा प्राथमिकतामा राखेका छन् ।

बजेट कार्यक्रममा युवालाई स्वरोजगार र उद्यमशीलतामा जोड्ने, डिजिटल सेवा विस्तार गर्ने, उत्पादन वृद्धि गर्ने तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने राखिएको छ । रासस

# ११ जिल्लामा बर्ड फ्लु संक्रमण

***बारा, महोत्तरी, झापा, सुनसरी, मोरङ, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेमा बर्ड फ्लु संक्रमण पुष्टि भएको छ।***

**मधेशदृष्टि**
**वीरगंज।**
देशभर ११ जिल्लामा बर्ड फ्लु संक्रमण फैलिएको पुष्टि भएको छ। संक्रमण नियन्त्रणका लागि ५ लाख ६९ हजार ८ सय ५८ वटा कुखुरा नष्ट गरिएको पशु सेवा विभागले जनाएको छ।

विभागका अनुसार बारा, महोत्तरी, झापा, सुनसरी, मोरङ, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेमा बर्ड फ्लु संक्रमण पुष्टि भएको छ। संक्रमण नियन्त्रणका क्रममा ९ लाख ८९ हजार ३ सय १३ वटा अण्डा र १ लाख ९५ हजार ४ सय ८५ किलोग्राम दाना नष्ट गरिएको छ। प्रयोगशाला परीक्षणमा एच–फाइभ एन–वान, एच–नाइन एन–टु तथा न्युक्यासल रोगका भाइरस सक्रिय रहेको पाइएको विभागले जनाएको छ। यद्यपि, कोशी प्रदेशमा पछिल्लो एक महिनायता संक्रमण नियन्त्रणमा आएको दाबी गरिएको छ। संक्रमण थप फैलिन नदिन सरकारले स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र प्रदेश सरकारसँग समन्वय गरी संक्रमित फार्मका कुखुरा नष्ट गर्ने, परीक्षणको दायरा बढाउने, सीमा नाकामा निगरानी कडा पार्ने तथा कुखुरा, अण्डा र दानाको ओसारपसारमा नियन्त्रण गर्ने काम गरिरहेको जनाएको छ।

# अर्थमन्त्री भट्टराईको गाडीमा तोडफोड आरोपमा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराई सवार हुने सरकारी गाडीमा तोडफोड गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता मनोज यादवका अनुसार पक्राउ पर्ने व्यक्ति महोत्तरी गाउँपालिका–६, महोत्तरीका जितेन्द्र मिश्र हुन्। उनलाई बिहीबार दिउँसो मधेश भवन परिसरबाटै नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सीसीटीभी फुटेजको आधारमा पहिचान गरिएका मिश्र पुनः स्कारपिओ गाडीमा चढेर मधेश भवन पुगेका बेला पक्राउ परेका हुन्। घटनापछि प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गर्दै संदिग्ध व्यक्तिको खोजी गरिरहेको थियो।

बुधबार बिहान करिब ११ बजे जनकपुरधामस्थित मधेश भवन परिसरमा पार्किङ गरी राखिएको ज १ झ ४४१ नम्बरको सरकारी गाडीमा तोडफोड भएको थियो। उक्त गाडी अर्थमन्त्री भट्टराईले प्रयोग गर्दै आएका छन्।

सीसीटीभी फुटेजमा स्कारपिओबाट ओर्लिएका एक व्यक्तिले मन्त्रीको गाडी वरिपरि केही समय घुमेर निरीक्षण गरेको र त्यसपछि गाडीमा राखिएको राष्ट्रिय झण्डा भाँचेर भुइँमा फालेको देखिएको थियो। त्यसपछि ती व्यक्ति कानमा मोबाइल फोन लगाउँदै मन्त्रालय परिसरभित्र प्रवेश गरेका थिए। उनी करिब चारदेखि पाँच मिनेटसम्म त्यहाँ रहेको दृश्य फुटेजमा कैद भएको थियो।

घटनालगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली मधेश भवन पुगेर लामो समयसम्म घटनास्थलको निरीक्षण तथा अनुसन्धानमा जुटेको थियो। प्रारम्भिक अनुसन्धानपछि प्रहरीले सीसीटीभी फुटेजका आधारमा संदिग्ध व्यक्तिको पहिचान गरी पक्राउ गर्न सफल भएको जनाएको छ। प्रहरीले पक्राउ परेका मिश्रमाथि थप अनुसन्धान भइरहेको र घटनाको उद्देश्य तथा अन्य सम्भावित पक्षबारे समेत खोजबिन जारी रहेको जनाएको छ।

# मधेशको पहिलो सूर्य मन्दिरको अभिषेक गरियो



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
मधेशको पहिलो सूर्य मन्दिरको अभिषेक बुधबार साँझ सम्पन्न भएको छ। छठ पूजा समिति, गंगासागरले जनकपुरधामका बासिन्दाहरूको सहयोगमा ६० लाख नेपाली रुपैयाँको लागतमा जनकपुरधामको गंगा सागरको किनारमा मन्दिर निर्माण भएको हो।

अभिषेकको अवसरमा छठ पूजा समितिद्वारा अभिषेक समारोह आयोजना गरिएको थियो। सूर्य मन्दिरका प्रमुख अतिथि तथा उद्घाटनकर्ता जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास वैष्णव थिए। प्रमुख अतिथिको रूपमा बोल्दै उनले जनकपुरधाममा सबै देवीदेवताहरूको लागि मन्दिरहरू थिए, तर सूर्य देवताको लागि कुनै मन्दिर नभएको बताए। यो पनि पूरा भएको उनले बताए।

मधेशमा सूर्य देवलाई समर्पित एक मात्र मन्दिर जनकपुरधाममा रहेको थाहा भएको छ। विशेष अतिथिको रूपमा बोल्दै पूर्व मेयर लाल किशोर साहले जनकपुरधामको छठ नेपालभरि प्रसिद्ध रहेको बताए। बिहारबाट पनि भक्तजनहरू गंगा सागर तालमा छठ मनाउन आउँछन्। विदेशी पर्यटकहरू पनि जनकपुरधामको छठ हेर्न आउँछन्। उनले सूर्य देवताको पूजा दैनिक रूपमा हुने तर छठको समयमा यसको फरक महत्त्व रहेको बताए।

हरि नारायण गुप्ताको अध्यक्षतामा आयोजित यस कार्यक्रममा विश्व हिन्दू परिषद् नेपाल धनुषा जिल्ला अध्यक्ष सन्तोष साह, छठ पूजा समितिका सचिव रामचन्द्र पंजियार, कोषाध्यक्ष जगमोहन साह, सोनु निधि, रमन कुमार सिंह लगायतले आफ्नो विचार व्यक्त गरे।

कार्यक्रममा सूर्य मन्दिरमा एघार हजार रुपैयाँसम्म योगदान गर्ने दाताहरू र कार्यसमिति सदस्यहरूलाई प्रमाणपत्र, कपडा र रुद्राक्षको माला लगाई स्वागत गरिएको थियो। यस प्राण प्रतिष्ठाको अवसरमा विशाल भोज आयोजना गरिएको थियो। यस भोजमा सयौं सन्त र भक्तजनहरूले भाग लिएका थिए।

# १७ स्थानीय तहले समयमै ल्याए बजेट
## खडक नगरपालिकाको बाँकी

मधेशदृष्टि
राजविराज।
सप्तरीका १८ स्थानीय तहमध्ये १७ वटाले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि निर्धारित समयभित्र बजेट सार्वजनिक गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार असार १० गतेभित्र नगर तथा गाउँसभामा बजेट पेश गर्नुपर्ने व्यवस्था रहेकाले अधिकांश स्थानीय तहले समयमै आफ्नो वार्षिक कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन्।

जिल्लामा बजेट सार्वजनिक गर्नेक्रम सबैभन्दा पहिले रुपनी गाउँपालिकाबाट सुरु भएको थियो। असार ५ गते सम्पन्न गाउँसभामा रुपनीले ६७ करोड ९३ लाख ९३ हजार रुपैयाँको बजेट प्रस्तुत गर्दै मानव विकास, पूर्वाधार निर्माण, कृषि प्रवद्र्धन, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, वातावरण संरक्षण तथा सुशासनलाई प्राथमिकतामा राखेको जनाएको छ।

सुरुङ्गा नगरपालिकाले असार ६ गते ८९ करोड १० लाख ८० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, महिला सशक्तीकरण, उद्यमशीलता विकास र सामाजिक सुरक्षालाई प्रमुख प्राथमिकता दिएको छ।

असार ७ गते विष्णुपुर गाउँपालिकाले ३९ करोड ५९ लाख ३३ हजार रुपैयाँको बजेट ल्याउँदै पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा तथा रोजगार प्रवद्र्धनका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।

असार ८ गते बोदेबरसाइन नगरपालिका र राजगढ गाउँपालिकाले बजेट सार्वजनिक गरेका थिए। बोदेबरसाइनले ८६ करोड २७ लाख ७० हजार रुपैयाँको बजेट प्रस्तुत गर्दै स्वास्थ्य, शिक्षा, कृषि र पशुपालन क्षेत्रलाई प्राथमिकता दिएको छ। राजगढ गाउँपालिकाले ३८ करोड ४८ लाख ३३ हजार रुपैयाँको बजेट ल्याएर कृषि, सिँचाइ, उद्योग, पर्यटन, रोजगार, स्वास्थ्य र सांस्कृतिक संरक्षणका कार्यक्रम समेटेको छ।

डाक्नेश्वरी नगरपालिकाले असार ९ गते ८१ करोड ७० लाख ७५ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो।

असार १० गते भने अधिकांश स्थानीय तहले बजेट पेश गरेका छन्। राजविराज नगरपालिकाले जिल्लाकै सबैभन्दा ठूलो, १ अर्ब १५ करोड ४२ लाख ५९ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ। शम्भुनाथ नगरपालिकाले ९२ करोड ४० लाख ८२ हजार रुपैयाँ, कञ्चनरूप नगरपालिकाले ६९ करोड २४ लाख ३९ हजार ७ सय रुपैयाँ तथा सप्तकोशी नगरपालिकाले ४६ करोड १० लाख ६२ हजार ६ सय ८२ रुपैयाँको बजेट सार्वजनिक गरेका छन्।

त्यसैगरी, हनुमाननगर कंकालिनी नगरपालिकाले ६४ करोड ८ लाख ५० हजार रुपैयाँ, बलान बिहुल गाउँपालिकाले ५२ करोड रुपैयाँ तथा अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले ४७ करोड ३७ लाख ४६ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका छन्।

छिन्नमस्ता गाउँपालिकाले ३४ करोड ९४ लाख ३३ हजार रुपैयाँ, तिरहुत गाउँपालिकाले ३८ करोड ७८ लाख ४४ हजार रुपैयाँ, तिलाठी कोइलाडी गाउँपालिकाले ४३ करोड ३६ लाख ४४ हजार रुपैयाँ तथा महादेवा गाउँपालिकाले ४२ करोड ३० लाख ५० हजार रुपैयाँको बजेट सार्वजनिक गरेका छन्।

यद्यपि, खडक नगरपालिकाले भने हालसम्म बजेट पेश गर्न सकेको छैन। नगरपालिकामा नीति तथा कार्यक्रममाथि छलफल जारी रहेकाले बजेट तयारीको काम अन्तिम चरणमा रहेको बताइएको छ। नगरपालिकाका सूचना अधिकारी मनोजकुमार साहका अनुसार बजेटको मस्यौदा पूर्ण रूपमा तयार नभएकाले नगरसभामा प्रस्तुत गर्न केही समय लाग्नेछ।

स्थानीय तहहरूले प्रस्तुत गरेका बजेटहरू अब असार मसान्तभित्र सम्बन्धित सभाबाट पारित गर्ने प्रक्रिया अघि बढाइनेछ। अधिकांश स्थानीय तहले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, रोजगार सिर्जना र सुशासनलाई आगामी आर्थिक वर्षका मुख्य प्राथमिकता क्षेत्रका रूपमा अगाडि सारेका छन्।

# मधेशमा गर्मी बढेसँगै सर्पदंशका घटना वृद्धि



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशमा पछिल्ला केही सातादेखि अत्यधिक गर्मी बढेसँगै सर्पदंशका घटनामा उल्लेखनीय वृद्धि हुन थालेको छ। तापक्रम बढेसँगै खेतबारी, झाडी तथा बस्ती आसपास सर्पको गतिविधि बढ्दा सर्वसाधारण दैनिक रूपमा सर्पदंशको जोखिममा परिरहेका छन्। प्रदेशका विभिन्न जिल्लाका अस्पतालहरूमा सर्पले टोकेर उपचारका लागि पुग्ने बिरामीको संख्या निरन्तर बढिरहेको तथ्यांकले देखाएको छ।

स्वास्थ्यकर्मीहरूका अनुसार गर्मीको मौसममा सर्पहरू आहारको खोजी तथा बासस्थान परिवर्तनका क्रममा बढी सक्रिय हुने भएकाले मानिससँगको सम्पर्क बढ्ने र सर्पदंशका घटना पनि बढ्ने गर्छन्। विशेषगरी ग्रामीण क्षेत्रमा खेतबारीमा काम गर्ने किसान, घाँस–दाउरा संकलन गर्ने तथा रातिको समयमा बाहिर हिँडडुल गर्ने व्यक्तिहरू बढी जोखिममा पर्ने गरेका छन्।

सिराहास्थित प्रादेशिक अस्पतालमा पछिल्ला तीन महिनाको अवधिमा सर्पदंशका घटनामा वृद्धि देखिएको छ। अस्पतालका प्रमुख डा. सुनिलप्रसाद कुशवाहाका अनुसार चैत महिनामा १५ जना, वैशाखमा २६ जना र जेठमा २५ जना सर्पदंशका बिरामी उपचारका लागि अस्पताल पुगेका थिए। उपचारपछि सबै बिरामी स्वास्थ्यलाभ गरेर घर फर्किएका छन्। हाल पनि दैनिक दुईदेखि तीन जनासम्म सर्पले टोकेका बिरामी अस्पताल आउने गरेको उनले बताए।

यस्तै, जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा सर्पदंशका बिरामीको संख्या अझ बढी रहेको छ। इमर्जेन्सी विभागका इन्चार्ज उज्वलकुमार झाका अनुसार चैतमा १०० जना, वैशाखमा १२० जना र जेठमा १४७ जना सर्पदंशका बिरामी अस्पतालमा भर्ना भई उपचार गराएका छन्। पछिल्लो समय अन्य जिल्लाका अस्पतालबाट रिफर भएर समेत बिरामी आउने क्रम बढेको उनले जानकारी दिए।

उनका अनुसार अस्पतालमा सर्पदंशको उपचारका लागि आवश्यक एन्टीभेनम औषधि पर्याप्त मात्रामा उपलब्ध रहेको छ। समयमै उपचारका लागि अस्पताल पुगेका कारण पछिल्ला तीन–चार महिनामा सर्पदंशका कारण कुनै पनि बिरामीको मृत्यु नभएको उनले बताए।

स्वास्थ्यकर्मीहरूका अनुसार मधेश प्रदेशमा विषरहित ढोडिया र हरहरा सर्प बढी पाइन्छन् भने करेत र गोमन जस्ता विषालु सर्पले मानव जीवनलाई बढी जोखिममा पार्ने गर्छन्। यस्ता विषालु सर्पको टोकाइपछि तत्काल उपचार नपाए ज्यानै जाने खतरा रहने चिकित्सकहरू बताउँछन्। महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा पनि सर्पदंशका बिरामीको संख्या उल्लेख्य रूपमा बढेको छ। अस्पतालका प्रमुख डा. रवि श्रीवास्तवका अनुसार वैशाख महिनामा २३ जना सर्पदंशका बिरामी उपचारका लागि अस्पताल पुगेका थिए भने जेठ महिनामा त्यो संख्या बढेर ५६ पुगेको छ। गर्मी बढेसँगै जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका बासिन्दा सर्पदंशको उच्च जोखिममा रहेको उनले बताए।

जलेश्वर अस्पतालमा नेपालका विभिन्न स्थानका साथै सीमावर्ती भारतीय क्षेत्रबाट समेत सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन्। अस्पतालमा एन्टीभेनम पर्याप्त मात्रामा उपलब्ध रहेकाले सामान्य उपचारमा समस्या नभए पनि आइसीयु सेवा नहुँदा गम्भीर अवस्थाका बिरामीलाई थप उपचारका लागि अन्य अस्पतालमा रिफर गर्नुपर्ने बाध्यता रहेको अस्पताल स्रोतले जनाएको छ।

सर्पदंशका घटनामा वृद्धि हुन थालेपछि प्रदेश स्वास्थ्य मन्त्रालयले सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। मन्त्रालयले सर्पले टोकेपछि झारफुक, धामीझाँक्री वा घरेलु उपचारको भर नपरी तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्न अनुरोध गरेको छ। समयमै उपचार पाए अधिकांश बिरामीको ज्यान बचाउन सकिने चिकित्सकहरूको भनाइ छ।

सर्प विज्ञ देवनारायण मण्डलका अनुसार मधेश प्रदेशमा करिब ३६ प्रकारका सर्प पाइन्छन्, जसमध्ये पाँच प्रजाति मात्र विषालु छन्। उनले सर्पदंशबाट बच्न घर, गोठ तथा वरपरका झाडी सफा राख्न, रातिको समयमा टर्चको प्रयोग गर्न, खेतबारीमा काम गर्दा सावधानी अपनाउन तथा सर्प देखिएमा आफैं मार्ने वा समात्ने प्रयास नगरी उद्धार केन्द्रलाई जानकारी दिन सुझाव दिएका छन्।

गर्मी बढ्दै जाँदा सर्पदंशका घटना थप बढ्न सक्ने भएकाले स्वास्थ्यकर्मीहरूले जनचेतना, सतर्कता र समयमै उपचारलाई नै जोखिम न्यूनीकरणको प्रभावकारी उपायका रूपमा औंल्याएका छन्।

# तीन स्थानीय तहमा नगरसभा बाँकी, १५ स्थानीय तहले समयमै ल्याए बजेट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा जिल्लाका १८ स्थानीय तहमध्ये तीनवटाले कानुनले तोकेको समयसीमाभित्र नगरसभा सम्पन्न गर्न सकेका छैनन्। स्थानीय सरकार सञ्चालनसम्बन्धी व्यवस्थाअनुसार असार १० गतेभित्र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने भए पनि जनकपुरधाम उपमहानगरपालिका, कमला नगरपालिका र विदेह नगरपालिकामा नगरसभा हुन नसकेको हो।

जिल्लामा एक उपमहानगरपालिका, ११ नगरपालिका र ६ गाउँपालिका रहेका छन्। तीमध्ये १५ स्थानीय तहले भने निर्धारित अवधिमै नगरसभा सम्पन्न गरी आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम प्रस्तुत गरेका छन्।

जनकपुरधाम उपमहानगरपालिकाकी उपप्रमुख किशोरी साहले नगरसभा किन हुन नसकेको भन्नेबारे आफूलाई औपचारिक जानकारी नभएको बताए। उनका अनुसार नगरप्रमुखको अनुपस्थितिका कारण प्रक्रिया प्रभावित भएको हुनसक्ने अवस्था देखिएको छ।

विदेह नगरपालिकाका प्रमुख बेचन दासले अघिल्लो आर्थिक वर्षको वित्तीय फछ्र्योट पूरा हुन नसक्दा नगरसभा रोकिएको बताए। उनले कार्यालयमा भएको आगजनी घटनापछि प्रशासनिक प्रक्रिया प्रभावित भएको र आवश्यक कागजात प्रमाणीकरणमा ढिलाइ भएकाले नगरसभा गर्ने अवस्था जटिल बनेको जानकारी दिए।

यता कमला नगरपालिकाका प्रमुख विशेश्वर यादवले पनि समयमै नगरसभा आयोजना गर्न नसकिएको स्वीकार गर्दै वडास्तरीय बैठकपछि छिट्टै नगरसभाको मिति तय गरिने बताए।

जिल्लाका बाँकी स्थानीय तहहरूले भने असार १० गतेभित्र नगरसभा सम्पन्न गरेका छन्। कतिपय स्थानीय तहले बजेट पारित गरिसकेका छन् भने केहीमा बजेट प्रस्तुत भए पनि अनुमोदन प्रक्रिया बाँकी रहेको जनाइएको छ।

सबैभन्दा पहिले बटेश्वर गाउँपालिकाले असार २ गते नगरसभा सम्पन्न गर्दै आगामी आर्थिक वर्षका लागि ४४ करोड ७० लाख ८३ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको थियो। लक्ष्मिनियाँ गाउँपालिकाले असार ३ गते ४५ करोड ७४ लाख २४ हजार रुपैयाँभन्दा बढीको बजेट ल्याएको छ। क्षीरेश्वरनाथ नगरपालिकाले पनि असार ३ गते ७८ करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो। सोही दिन गणेशमान चारनाथ नगरपालिकाले समेत नगरसभा सम्पन्न गरेको थियो।

धनुषाधाम नगरपालिकाले असार ५ गते सम्पन्न नगरसभामा ५७ करोड २० लाख ४ हजार रुपैयाँको बजेट पेश गरेको छ। जनकनन्दिनी गाउँपालिकाले असार ६ गते ४६ करोड १६ लाख रुपैयाँको बजेट प्रस्तुत गर्दा मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले पनि सोही दिन नगरसभा सम्पन्न गरेको थियो।

मिथिला विहारी नगरपालिकाले असार ८ गते ५० करोड ३० लाख रुपैयाँको बजेट सार्वजनिक गरेको थियो। असार १० गते सम्पन्न नगरसभामार्फत हंसपुर नगरपालिकाले ५५ करोड तथा धनौजी गाउँपालिकाले ६० करोड ६५ लाख ५७ हजार रुपैयाँको बजेट प्रस्ताव गरेको छ।

त्यसैगरी, शहीदनगर नगरपालिकाले ६५ करोड ८० लाख ३९ हजार रुपैयाँ, सबैला नगरपालिकाले ७७ करोड ७ लाख ४१ हजार ६७० रुपैयाँ तथा मिथिला नगरपालिकाले ९१ करोड रुपैयाँ बराबरको बजेट आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेका छन्।

औरही गाउँपालिकाले ३७ करोड २७ लाख ८४ हजार रुपैयाँ तथा नगराइन नगरपालिकाले ५४ करोड ७५ लाख ६१ हजार रुपैयाँको बजेट नगरसभामा पेश गरेका छन्।

समयसीमाभित्र नगरसभा गर्न नसकेका तीन स्थानीय तहले भने अब चाँडै बैठक बोलाएर बजेट तथा कार्यक्रम पारित गर्ने तयारी गरिरहेको बताएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन